# महिला विरुद्धको हिंसा र महिलाको कानुनी अधिकारसंग सम्बन्धीत विभिन्न एनद्वारा गरिएका व्यवस्था सम्बन्धि

# जानकारी पुस्तिका

खबर गरौं ११४५

लैङ्गिक हिंसा विरुद्ध हामी

राष्ट्रिय महिला आयोग-२०५८

## महिला विरुद्धको हिंसा र महिलाको कानूनी अधिकार संग सम्बन्धित संविधान तथा विभिन्न ऐनद्वारा गरिएका व्यवस्था सम्बन्धी

# जानकारी पुस्तिका

संस्करण : प्रथम

प्रकाशक : राष्ट्रिय महिला आयोग, भद्रकाली, काठमाण्डौ
केएर नेपाल, धोविघाट, ललितपुर
कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

प्रकाशक संख्या : ५००

© राष्ट्रिय महिला आयोग/केएर नेपाल/ल्याक

सहयोगी : विश्व बैंक

डिजाइन : कम्प्युटर लग
पुल्चोक, ललितपुर, फोनः ९८५११३४९७७



# राष्ट्रिय महिला आयोग

**भद्रकालीप्लाजा, काठमाडौं ।**

## शुभकामना मन्तव्य

महिलाहरु आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक रुपमा पछाडी परेका कारणले दिनानुदिन हिंसाका शिकार भैरहेका छन् । राष्ट्रिय महिला आयोगले महिला तथा वालवालिकाको न्यायमा पहुच अभिवृद्धिको लागी सम्वोधन परियोजना मार्फत हेल्पलाईन ११४५ को सन्चालन गदै आएको छ । उक्त हेल्प लाईनबाट प्राप्त केशहरुलाई एकिकृत (कानूनी, मनोसामाजिक, तथा आवास) सेवा गैह्र सरकारी संस्था कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक), टि.पि.ओ. नेपाल, साथी तथा सिविनसंग सहकार्य गरि उपलब्ध गराउदै आएको कुरा यहाहरु समक्ष अवगत नै छ । यसका साथै राष्ट्रिय महिला आयोगले हेल्पलाईनमा आएका केशहरुलाई मेलमिलाप मार्फत निष्कर्षमा पुर्‍याई न्यायमा सहज पहुंच पुर्‍याउदै आएको छ । मेलमिलाप प्रकृयालाई प्रर्वद्धन गर्ने उदेश्यले आयोगका कर्मचारीहरुलाई नै मेलमिलापको आधारभुत तालिम समेत दिई मेलमिलाप कर्ताको रुपमा  सन्चालन गर्न सफल भएको छ । विभिन्न प्रयासको वावजुद पनि महिलाको हक अधिकार तथा महिला विरुद्ध हुने हिंसा नियन्त्रणका लागि भएका कानूनी व्यवस्थाहरुका वारेमा जनमानसमा कम जानकारी भएकोले गर्दा न्यायमा पहुच पुग्न सकेको छैन । तसर्थ महिलाको कानूनी अधिकारको बारेमा सबैलाई जानकारी गराउनु अति आवश्यक भएको छ । नेपालको संविधान २०७२, मुलुकी देवानी संहिता र फौजदारी अपराध संहिता २०७४ तथा अन्य केही ऐनहरुले समेत महिला अधिकारलाई सम्बोधन गरेको हुदा सोको सम्बन्धमा जानकारी गराउने उदेश्यले सामान्य जानकारी पुस्तिका प्रश्नोत्तरको रुपमा प्रकाशित गरेको छ । यस पुस्तिकाले लैङ्गिक सवालहरु समेटी राष्ट्रिय कानूनहरुका महत्वपूर्ण प्रावधानहरुलाई एकिकृत गर्ने प्रयास गरिएको छ । यो पुस्तिका राष्ट्रिय महिला आयोगको हेल्पलाईनमा कार्यरत कर्मचारी, सहकार्य गर्दै आउनु भएका संस्थाका कर्मचारी तथा सेवा लिन आउनु हुने सेवाग्राहीका लागी समेत लाभदायक रहने छ । साथै महिलाअधिकारका निमित्त कार्यरत अधिकारकर्मी, कानून व्यवसायी लगायत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु समेतलाई उपयोगी हुनेछ भन्ने मैले आशा लिएको छु । अन्त्यमा, प्राविधिक सहयोग दिनुहुने केएर नेपाल तथा आर्थिक सहयोग दिनुहुने विश्व वैंक र यो पुस्तिका तयार पार्ने कार्यमा संलग्न कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) का कार्यकारी अध्यक्ष अनिता न्यौपाने थपलिया प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस प्रकाशनबाट संविधान, नयाँ संहिता तथा अन्य ऐनहरुको बारेमा सुसुचित भई महिला अधिकार, महिला हिंसा नियन्त्रणमा नया आयाम थपिने छ  भन्ने विश्वास लिएको छु ।

अनिल कुमार ठाकुर

सचिव

# विषयसूची

१. **नेपालको संविधान २०७२ ले महिला अधिकारका सम्बन्धमा गरेका व्यवस्थाहरु**

१.१ नागरिकता सम्बन्धी अधिकार
१.२ समानताको हक
१.३ महिलाको हक
१.४ सामाजिक न्यायको हक
१.५ सामाजिक न्याय र समावेशीकरण सम्बन्धी निती
१.६ राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था
१.७ महिलाको सहभागिता सम्बन्धी व्यवस्थाहरु
१.८ राष्ट्रिय महिला आयोग

२. **मुलुकी देवानी (संहिता) ऐन २०७४ र मुलुकी अपराध(संहिता) ऐन २०७४ का व्यवस्थाहरु**

२.१ विवाह
२.२ बालविवाह
२.३ बहुविवाह
२.४ हाडनाता विवाह
२.५ सम्बन्ध बिच्छेद
२.६ महिलाको सम्पत्ति सम्बन्धी अधिकार
२.७ जबर्जस्ती करणी (बलात्कार)
२.८ यौन सम्बन्धी अन्य कसूरहरु
२.९ छाउपडी
२.१० गाली बेईज्जती
२.११ तेजाव वा अन्य रासायनिक, जैविक वा विषालु पद्धार्थ प्रयोग विरुद्ध व्यवस्था
२.१२ गर्भ संरक्षण विरुद्धको कसूर
२.१३ बोक्सा वा बोक्सीको आरोप सम्बन्धी कसूर

३. **घरेलु हिंसा (कसूर र सजायँ) ऐन, २०६६ का व्यवस्थाहरु**

४. **जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना(दर्ता ऐन), २०३३ ले गरेका व्यवस्थाहरु**

५. **कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ का व्यवस्थाहरु**

६. **बैदेशिक रोजगार ऐन २०६४ का कानूनी व्यवस्था**

७. **विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ का केही व्यवस्थाहरु**

# १. नेपालको संविधान २०७२ ले महिला अधिकारका सम्बन्धमा गरेका व्यवस्थाहरू

## नागरिकता सम्बन्धी अधिकार :

- वंशीय आधार तथा लैगिक पहिचान सहितको नागरिकता : नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले आमा वा बाबुको नामबाट लैगिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाण-पत्र पाउन सक्नेछ । (धारा १२)
- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ । (धारा ११ (६)
- विदेशी नागरिकसंग विवाह गरी नेपाली महिलाले जन्माएको व्यक्ति नेपालमा नै स्थायी बसोबास गरेको र विदेशी मुलुकको नागरिता प्राप्त गरेको रहेनछ भने निजले नेपालको अंगीकृत नागरिकता प्राप्त गर्छ । (धारा ११ (७) )

## समानताको हक (धारा १८):

- कानूनको दृष्टिमा समान कानूनको, समान संरक्षणबाट वञ्चित गरिने छैन ।
- सामान्य कानूनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जात-जाती, लिंग, आर्थिक अवस्था, शारिरीक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य आधारमा भेदभाव गर्ने छैन ।
- राज्यले नागरिकहरुका बीच उत्पति, धर्म, वर्ण, जात जाती, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य आधारमा भेदभाव गर्ने छैन । तर पिछडिएको नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागी कानून बमोजिम बिशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।
- पारिश्रमिक, सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।
- पैतृक सम्पतिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुने ।

## महिलाको हक (धारा ३८) :

- प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनिय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका

आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुनेछ ।

सामाजिक सुरक्षाको हकमा महिलालाई सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरिएको छ ।

## सामाजिक न्यायको हक (धारा ४२)

सामाजिक रुपले पछाडी परेका महिला, दलित, आदिवासी , आदिवासी जनजाती, मधेशी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सिमान्तकृत, मुश्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान,श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

## सामाजिक सुरक्षाको हक (धारा ४३)

आर्थिक रुपले विपन्न, अशक्त, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून सामाजिक सुरक्षाको हक हुनेछ ।

## सामाजिक न्याय र समावेशीकरण सम्बन्धी निती (धारा ५१ ञ)

- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जिविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने ।
- जोखिममा परेका, सामाजिक र पारिवारीक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुर्नस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्बी बनाउने ।
- प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगकोसुनिश्चतता गर्ने ।

## राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था (धारा ७०)

- यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्छ ।

## महिलाको सहभागिता सम्बन्धी व्यवस्थाहरु

- संघीय संसदको प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ । (धारा ८४ (८))
- अन्तर्गत राष्ट्रिय सभाको गठनमा प्रत्येक प्रदेशबाट कम्तिमा तीन जना महिला राष्ट्रिय सभाको सदस्य रहनेछन् भनी व्यवस्था गरिएको छ । (धारा ८६ (२ क))
- त्यसैगरी नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिला सहित तीन जनाको व्यवस्था गरिएको छ । (धारा ८६ (२ ख))

- प्रतिनिधि सभाको सभामुख र उपसभामुख चयन गर्दा सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नुपर्ने व्यवस्था छ। (धारा ९१ (२))
- राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ भन्ने व्यवस्था छ। (धारा ९२(२))
- प्रदेश व्यवस्थापिकामा प्रदेश सभाको गठन गर्दाप्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ भनि व्यवस्था गरिएको छ। (धारा १७६ (९)
- प्रदेश सभाको सभामुख र उपसभामुख चयन गर्दा सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नुपर्ने व्यवस्था छ। (धारा १८२ (२) )
- गाउँ कार्यपालिकामा गाउँ सभाको निर्वाचनमा निर्वाचित चार जना महिला सदस्यहरु रहने प्रावधान छ। (धारा २१५)
- जिल्ला समन्वय समितिमा कम्तीमा तीन जना महिला रहनु पर्ने व्यवस्था छ। (धारा २२०)
- गाँउ सभाको गठन गर्दा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिला अनिवार्य रहनु पर्ने व्यवस्था छ। (धारा २२२)
- नगर सभाको गठन गर्दा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिला अनिवार्य रहनु पर्ने व्यवस्था छ। (धारा २२३ )
- नेपाली सेनामा समावेशी सिद्धान्तका आधारमा प्रवेश गराउने व्यवस्था गरिएको छ। धारा (२६७)

### राष्ट्रिय महिला आयोग सम्बन्धी व्यवस्था (धारा २५२)

महिलाको हकहित संरक्षण तथा सम्वर्द्धन, लैगिंक समानता, महिला सशक्तिकरण गरी लैगिंक न्याय सुनिश्चित गर्ने संवैधानिक आयोग राष्ट्रिय महिला आयोग हो।

## २. मुलुकी देवानी (संहिता) ऐन २०७४ र मुलुकी अपराध (संहिता) ऐन २०७४ का व्यवस्थाहरू

### विवाह



### विवाह भनेको के हो ?

कुनै पुरुष र महिला बीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक-अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ। यस्तो विवाह स्थायी,

अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हो । प्रत्येक व्यक्तिलाई कानूनको अधिनमा रहि विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुनेछ ।

**थाहा पाउनै पर्ने कुराः** विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ अर्थात् विवाह भएको पति पत्नी बाहेक अन्य व्यक्तिले पनि थाहा पाउनु पर्छ ।

### के-कस्तो अवस्थामा महिला र पुरुषबीच विवाह हुन सक्छ ?

(क) पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,
(ख) कानून बमोजिम पुरुष र महिला हाडनाता करणीमा सजायँ हुने नाताको नभएमा,
(ग) पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा,
(घ) बीस वर्ष उमेर पूरा भएमा । विवाह भएपछि आपसी प्रेम सद्भाव भएको, पारिवारिक जीवन स्थापना गरेको र आपसी सहयोग संरक्षण र सम्मान हुनुपर्छ,

### विवाह गर्ने व्यक्तिहरुको मन्जुरी विना विवाह गराएमा के हुन्छ ?

विवाह गर्ने व्यक्तिहरुको मन्जुरीबिना कसैले कसैको विवाह गर्न गराउन हुँदैन । विवाह गर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मन्जुरीलाई मन्जुरी मानिने छैन । यसरी मन्जुरीबिना गराईएको विवाह बदर हुन्छ ।

**सजायँः** मन्जुरीबिना विवाहको कसूर गर्ने गराउने व्यक्तिलाई २ बर्षसम्म कैद र २० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

### कस्तो विवाह स्वतः बदर हुन्छ ?

(क) पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह,
(ख) हाडनाता करणीमा सजायँ हुने नाताका व्यक्तिहरू बीच भएको विवाह ।

### यो पनि थाहा पाई राखौं

आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्न हुन्छ ।

### कस्तो विवाह बदर गराउन सकिन्छ ?

(क) विवाह गर्ने उमेर पूरा नभएमा,
(ख) झुक्याई विवाह गरे वा गराएमा,
तर, विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ ।

### विवाह दर्ता कहाँ कसले गराउन सक्छ ?

पति तथा पत्नीले आफ्नो स्थानिय वडा कार्यालयमा रहेका पंजिकाधिकारी कहाँ निवेदन दिई विवाह दर्ता गराउनु पर्नेछ । पति र पत्नी दुवैले वा कुनै एक जनाले पनि विवाह दर्ता गराउन निवेदन दिन सक्नेछ । यदि नेपाल बाहिर बसोबास गरेका पति तथा पत्नी छन् भने आफू रहे बसेको मुलुकमा रहेको नेपालको राजदूताबास वा महावाणिज्य दूतावासमा विवाह दर्ताको लागि निवेदन दिन सक्ने छन् ।

### विवाहपछि महिलाले कुन थर प्रयोग गर्नुपर्दछ ?

महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्नेछिन् । यदि विवाहिता महिलाको थरको सम्बन्धमा कुनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो पतिको थर प्रयोग गरेको मानिनेछ । पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध बिच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्नेछिन् ।

### कस्तो अवस्थामा वैवाहिक सम्बन्ध अन्त्य भएको मानिन्छ ?

क) विवाह बदर भएमा,

ख) कानून बमोजिम पति पत्नीको सम्बन्ध बिच्छेद भएमा,

ग) पत्नीले कानून बमोजिम सम्बन्ध बिच्छेद नहुँदै अर्को विवाह गरेमा ।

## बालविवाह

### बाल विवाह भनेको के हो ?

कानूनले विवाह गर्न मिल्ने भनेर तोकेको उमेर भन्दा कम उमेरमा गरिने विवाह बालविवाह हो । कानूनले तोकेको उमेर अर्थात् २० वर्ष पूरा गरेपछि मात्र विवाह गर्नु पर्दछ । २० बर्षभन्दा कम उमेरका केटा र केटीलाई विवाह गरिदिएमा त्यसलाई बालविवाह मानिन्छ । यसलाई कानूनले अपराध मानेकोछ । कानूनले केटा र केटीको संरक्षकको मन्जुरी भए पनि नभए पनि विवाह गर्दा २० बर्ष पूरा भएको हुनुपर्छ भनेको छ । कानूनले तोकेको उमेर नपुगेसम्म विवाह गर्न, गराउन हुँदैन ।



### उजुरी गर्ने निकाय

बालविवाहको उजुरी प्रहरी कार्यालयमा दिनुपर्छ।

### हदम्याद

बालविवाहमा थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्दछ।

### सजायँ

बालविवाह गर्ने गराउने कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ।

### यो पनि थाहा पाई राखौं

- ☐ विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ।
- ☐ २० बर्ष नपुगी केटा र केटीले विवाह गरेको रहेछ र सन्तान जन्मेको रहेछ भने त्यस्तो सन्तानले बाबु-आमाबाट अंश पाउनेछन्।

## झुक्याई गरिने विवाह

### झुक्याई गरिने विवाह भनेको के हो ?

विवाह गर्दा केटा र केटीबीच जे-जस्तो अवस्था छ, त्यसको बारेमा एक पक्षले अर्को पक्षलाई जानकारी दिएर मात्र विवाह गर्नु पर्दछ। त्यसरी जानकारी नदिई लुकाई-छिपाई विवाह गरिदिन्छन् भने त्यसलाई झुक्याई गरिने विवाह भनिन्छ। साथै विवाह गर्दा केटा र केटीबीच सहमति भई मन्जुरीले विवाह गरिनु पर्दछ।

### कस्तो अवस्थाको व्यक्तिसंग झुक्याई विवाह गरेमा विवाह बदर गराउन सकिन्छ ?

(क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,

(ख) यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको,

(ग) पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठरोगी भएको,

(घ) होश ठेगानमा नरहेको,

(ङ) विवाह भैसकेको,

(च) गर्भवती भएको,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजायँ पाएको।

झुक्याई विवाह गराएमा के हुन्छ ?

झुक्याई विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह बदर गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिव क्षतिपूर्ति दाबी गर्न सक्नेछ ।

### उजुरी गर्ने निकाय

झुक्याई गरिएको विवाह बदरको लागि जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

### हदम्याद

झुक्याई गरिएको विवाह बदरको लागि विवाह गरेको मितिले ३ महिनाभित्र उजुरी गर्नुपर्छ ।

## बहुविवाह

### बहुविवाह भनेको के हो ?

विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न हुँदैन । विवाहित पुरुषले श्रीमती हुँदा-हुँदै अर्की श्रीमती ल्याएमा वा राखेमा यसलाई बहुविवाह भनिन्छ । कुनै पुरुष विवाहित हो भनी जानीजानी त्यस्तो पुरुषसंग कुनै महिलाले विवाह गर्न हुँदैन ।



### बहुविवाह गरेमा के-कति सजायँ हुन्छ ?

बहुविवाह गर्ने वा गराउने व्यक्तिलाई १ बर्षदेखि ५ बर्षसम्म कैद र १० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

तर यो ऐन लागू हुनु अघि तत्काल प्रचलित कानून बमोजिम भएको विवाहको हकमा कुनै कुराले असर गरेको मानिने छैन ।

### कुन अवस्थामा कानूनी रुपले पूनः विवाह गर्न सक्दछः?

क) पति-पत्नीबीच सम्बन्ध बिच्छेदगरी वैवाहिक सम्बन्ध अन्त्य भएमा,

ख) पति वा पत्नीको मृत्यु भएमा,

ग) पति वा पत्नीले कानून बमोजिम अंशबण्डा गरी भिन्न भएमा ।

### श्रीमतीले अर्को विवाह गरी पहिलो श्रीमान्को धनमाल लिएर गएमा के हुन्छ?

कसैले अर्काको श्रीमतीलाई विवाह गरी निजको धनमाल समेत लगेकोमा वा कुनै महिलाले

अर्को विवाह गरेर जाँदा आफुले लगाएको वा प्रयोग गर्ने गरेको लत्ता कपडा वा आफ्नो दाइजो, पेवा वा निजी आर्जन बाहेक पहिलो लोग्नेको धनमाल समेत लगेमा त्यसरी लग्न नपाउने धनमालको हकमा निजको पहिलो लोग्ने र निज मरेमा वा विदेश गएकोमा निजको हकदारले फिर्ता लिन पाउँछ ।

### बहुविवाहको अपराधमा कसले उजुरी गर्ने ?

यस्तो अपराधमा पीडित श्रीमती आफैंले, छरछिमेक आफन्त जोसुकैले पनि उजुरी दिन सक्दछन् । यस्तो उजुरीलाई जाहेरी दरखास्त भनिन्छ ।

### बहुविवाहको अपराधमा कहाँ उजुरी दिनु पर्दछ ?

बहुविवाहको उजुरी आफू बसोबास गरेको ठाउँ नजिकको प्रहरी चौकीमा दिनुपर्दछ ।

### बहुविवाहको अपराधमा कहिलेसम्ममा उजुरी गर्न सकिन्छ?

बहुविवाहको अपराधमा भए गरेको कुरा थाहा पाएको मितिले ३ महिनासम्ममा उजुरी गर्नुपर्ने हुन्छ । उक्त हदम्याद नाघेपछि उजुर लाग्ने छैन ।

### के बहुविवाह बदर गर्न सकिन्छ?

बहु विवाह स्वत: बदर हुनेछ ।

### के दोस्री श्रीमतीले अंश पाउन सक्छिन् ?

दोस्रो श्रीमतीले श्रीमान्को सम्पत्तिबाट अंश पाउन सक्दिनन् ।

### बहुविवाहपछि के परिणाम हुनसक्दछ?

१) बहुविवाह गर्नेलाई सजायँ गराउन सकिन्छ ।
२) पतिसँग सम्बन्ध बिच्छेद गर्न सकिन्छ ।
३) पतिबाट अंश लिई भिन्न बस्न सकिन्छ ।
४) दोस्रो विवाह बदर गराउन सकिन्छ ।

### बहुविवाहको परिणाम स्वरुप बच्चा जन्मिएमा परिणाम के हुनसक्दछ ?

बहुविवाह स्वत: वदर भए पनि त्यस्तो विवाहबाट जन्मिएको शिशुको कानून बमोजिमको हकमा कुनै असर पर्ने छैन । उसले आमाबाबुबाट अंश प्राप्त गर्नेछ भने जन्मदर्ता तथा नागरिकताको हक समेत सुरक्षित हुनेछ ।

## हाडनाता बहुविवाह

### हाडनातामा हुने विवाह भनेको के हो ?

आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा

बाहेक हाडनाता करणीमा सजायँ हुने नातामा विवाह गरिएमा त्यसलाई हाडनातामा हुने विवाह भनिन्छ। हाडनातामा विवाह गर्न गराउन हुँदैन।


### हाडनातामा विवाह भएमा के हुन्छ ?

थाहा पाएर वा नपाई जुनसुकै तवरबाट भएर पनि हाडनातामा विवाह भएको रहेछ भने यस्तो विवाह स्वतः वदर हुन्छ।

### सजायँ

हाडनाताको विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई हाडनाता करणीको कसूर गरेको मानिन्छ र गराउनेलाई ३ महिनासम्म कैद वा ३ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ।

## सम्बन्ध बिच्छेद



### सम्बन्ध बिच्छेद भनेको के हो ?

सम्बन्ध बिच्छेद भनेको पति-पत्नी बीचको वैवाहिक सम्बन्धलाई कानून बमोजिम बिच्छेद गरिनु हो। यसलाई बोलचालको भाषामा छोडपत्र वा पारपाचुके पनि भनिन्छ। पति-पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि सम्बन्ध बिच्छेद गर्न सक्नेछन्।

### महिलाले सम्बन्ध बिच्छेद कहिले गर्न सक्छिन् ?

क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

(ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

(ग) पतिले पत्नीको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,

(घ) पतिले अर्को विवाह गरेमा,

(ङ) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,

(च) पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।

### पुरुषले कहिले सम्बन्ध बिच्छेद गर्न सक्दछ ?

(क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

(ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

(ग) पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,

(घ) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

## सम्बन्ध बिच्छेदपछि महिलाले प्राप्त गर्ने कानुनी अधिकारहरु :

- पति-पत्नी बीच पतिको कारणवाट सम्बन्ध बिच्छेद हुने भएमा पत्नीले माग गरेमा अंशवण्डा गरेर मात्रै सम्बन्ध बिच्छेद गर्न सकिन्छ । यसरी अंश लिई सकेपछि महिलाले अर्को विवाह गरेमा अंश वापत पाएको सम्पत्ति सम्बन्ध बिच्छेदगरेका श्रीमान्लाई फर्काउनु पर्दैन र अंश वापत प्राप्त चल अचल सम्पत्ति महिलाले आफूखुशी गर्न सक्छिन् ।

  तर सम्बन्ध बिच्छेद भएकी महिलाको मृत्यु भएमा निजको सम्पत्ति निजका छोराछोरीले र छोराछोरी नभए पूर्व पतिबाट पाएको सम्पत्ति त्यस्ता पतिले र अन्य सम्पत्ति माईती पट्टीका हकवालाले पाउने छन् ।

- सम्बन्ध बिच्छेद गर्ने पत्नीले पतिसँग अंश नलिई एकमुष्ठ रकम वार्षिक वा मासिक रुपमा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको आधारमा एकमुष्ठ वा वार्षिक वा मासिक खर्च अदालतले भराई दिन सक्दछ । त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो खर्च दिनुपर्ने छैन ।

- सम्बन्ध बिच्छेद गर्दा अंश पाउनुपर्ने पत्नीले पतिको सम्पति नभएको कारणले अंश नपाएमा पत्नीले त्यस्तो पतिबाट खानलाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध बिच्छेद भएको पतिको आम्दानीको आधारमा खानलाउने खर्च भराई दिन सक्नेछ तर त्यस्ती पत्नीले अर्को विवाह गरेमा वा पतिको भन्दा बढि आम्दानी भएमा त्यस्तो खर्च दिनुपर्ने छैन ।

## सम्बन्ध बिच्छेद गर्दा महिलाले कस्तो अवस्थामा अंश तथा खर्च भराउन पाउँदिनन् ?

- पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पत्नीले पतिको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

## सम्बन्ध बिच्छेदपछि छोराछोरी कोसँग बस्न पाउँछन् ?

१. पाँच बर्ष उमेर पूरा नभएको नाबालक सन्तान छ भने आमाले अर्को विवाह गरेको भए वा नभएपनि आफूसँग राख्न चाहेमा आमाले राख्न सक्छिन् ।

२. पाँच बर्षभन्दा माथिको नाबालक सन्तान छ भने आमाले अर्को विवाह गरेकोमा बाहेक आफूसँग राख्न चाहेमा आमाले राख्न सक्छिन् ।
३. अन्य अवस्थामा बाबुको जिम्मामा रहनेछ ।
४. आमा-बाबु दुवैको सहमति भएमा सहमति बमोजिम गर्न पनि सक्नेछन् ।
५. दश बर्ष उमेर पूरा भएका नाबालकको सम्बन्धमा निर्णय लिंदा सम्बन्धित नाबालकको समेत राय लिन सकिन्छ ।
६. आमा वा बाबु मध्ये कुनैको जिम्मामा नाबालक रहेकोमा त्यसरी जिम्मा लिने व्यक्तिको मृत्यु भएमा जिवित रहेका आमा वा बाबुले अविलम्ब त्यस्तो नाबालक आफ्नो जिम्मामा लिनु पर्नेछ । तर अर्को विवाह गरिसकेकोमा पाँच बर्ष पूरा भएको नाबालक जिम्मा लिन कर लाग्ने छैन ।
७. पति-पत्नी भिन्न भएमा निजको कुनै नाबालक भएमा त्यस्तो नाबालकको पालनपोषण शिक्षा तथा उपचारको व्यवस्था सहमति भए सहमति बमोजिम सहमति नभएमा
    क. पाँच बर्ष पूरा नभएको नाबालक भए आमाको जिम्मा,
    ख. पाँच बर्ष माथि दश बर्ष पूरा नभएको भए बाबुको जिम्मा,
    ग. दश बर्ष पूरा गरेको नाबालक भए निजले जो संग मन्जुर गरेको छ निजको जिम्मा ।
८. तर नाबालकको जिम्मा लिने आमा वा बाबु भन्दा नलिने आमा वा बाबुको आम्दानी बढी रहेछ भने सहमति भए सहमति बमोजिम वा सहमति नभए अदालतले तोके बमोजिम खर्च नाबालकलाई उपलब्ध गराउनु पर्नेछ ।
९. बच्चा जसको संरक्षणमा रहने भएता पनि दुवैले (आमाबाबु) बच्चालाई भेटघाट गर्ने सुविधा पाउँदछन् ।
१०. नाबालकको हितमा निर्णय गर्नुपर्ने विषयमा विवाद भएमा बच्चा जसको संरक्षणमा रहेको छ निजले नै निर्णय गर्न पाउनेछ ।

## यदि सम्बन्ध बिच्छेदपछि बच्चा जन्मेमा के हुन्छ ?

- यदि सम्बन्ध बिच्छेद भएको २७२ दिनभित्र बच्चा जन्मेमा यन्यथा प्रमाणित नभए सम्म सो बच्चा सम्बन्ध बिच्छेद भएकै श्रीमान्को मानिन्छ ।
- सम्बन्ध बिच्छेदको मुद्दा दर्ता गर्दा महिला आफू गर्भवती भए नभएको कुरा फिरादमा उल्लेख गर्नु पर्दछ ।

## सम्बन्ध बिच्छेदको निम्ति उजुर गर्न कहाँ जानु पर्दछ ?


सम्बन्ध बिच्छेदको लागि पति वा पत्नीले अदालतमा निवेदन दिनु पर्नेछ । यसरी अदालतमा निवेदन परेपछि अदालतले दुवै पक्षलाई भरसक सम्झाई-बुझाई मेलमिलाप गराउनु पर्नेछ । मेलमिलाप गराउन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध बिच्छेद हुन उपयुक्त देखेमा अदालतले निजहरूको सम्बन्ध बिच्छेद गरिदिनु पर्नेछ । निवेदन परेको एक वर्षपछि अदालतले

सम्बन्ध बिच्छेद गराई दिनु पर्नेछ। तर सम्बन्ध बिच्छेदका लागि दुवैपक्षको मंजुरी भएमा यसलाई छिटो र छरितो बनाउन व्यवहारमा पहिला पति वा पत्नी मध्ये एकजनाले सम्बन्धीत जिल्ला अदालतमा निवेदन दिने र दोस्रो पक्षको तर्फबाट तुरुन्त म्याद बुझी प्रतिउत्तर दिई दुवै पक्षको उपस्थितिमा दुवै पक्षको मंजुरीबाट केही दिनमै सम्बन्ध बिच्छेद गर्ने गरिन्छ।

## महिलाको सम्पत्ति सम्बन्धी अधिकार

### सम्पत्ति भनेको के हो ?

उपभोग गर्न खरिद, बिक्री वा अन्य तवरले हक हस्तान्तरण वा कारोवार गर्न वा कुनै लाभ प्राप्त गर्न सकिने कुनै नगद वस्तु वा कार्यलाई सम्पत्ति भनिन्छ।



### सम्पत्ति कति प्रकारका हुन्छन् ?

क) चल सम्पत्ति

सजिलै एक ठाउँबाट अर्को ठाउँमा लान, चलन चलाउन, लेनदेन गर्न सकिने सम्पत्तिलाई चल सम्पत्ति भनिन्छ। जस्तैः नगद वा नगदसरह कारोवार हुने वस्तु वा विदेशी मुद्रा, सुन चाँदी, जवाहरत, रत्न, गर-गहना, ऋणपत्र, धितोपत्र, विनिमयपत्र, प्रतितपत्र त्यसबाट प्राप्त हुने लाभ, बौद्धिक सम्पत्ति, व्यापारिक ख्याति वा फ्रन्चाईज आदि।

ख) अचल सम्पत्ति

भौतिक स्वरुप परिवर्तन नगरी जस्ताको तस्तै एक ठाउँबाट अर्को ठाउँमा लान नसकिने, लिनु दिनु वा स्वामित्व हस्तान्तरण गर्नु परेमा कानूनी प्रावधान पूरा गर्नुपर्ने सम्पत्तिलाई अचल सम्पत्ति भनिन्छ। जस्तैः जग्गा, जमिन, जमिनसंग जोडिएको संरचना, खानी, ढुंगा, खनिज, पानी, नदी, ताल-तलैया, रुख-विरुवा, फलफुलका बोट आदि।

### महिलालाई कहिलेदेखि सम्पत्तिमा अधिकार प्राप्त हुन्छ ?

महिलालाई जन्मैदेखि पैतृक सम्पत्तिमा अंश हक अधिकार प्राप्त हुन्छ र विवाहको आधारमा महिलालाई सम्पत्तिमा विभेद गर्न पाईदैन। महिलाको विवाह हुने बित्तिकै देखि निजको श्रीमान्‌बाट पनि अशं हक प्राप्त हुन्छ।

### कस्तो सम्पत्ति महिलाका एकलौटी हक लाग्ने निजी सम्पत्ति हो ?

कुनै व्यक्तिले आफूले आर्जन गरी आफ्नो नाममा रहेका र त्यसबाट बढे बढाएका निम्न प्रकारका सम्पत्तिलाई निजी सम्पत्ति भनिन्छ। निजी सम्पत्तिमा महिलाको एकलौटी हक हुन्छ र

आफूखुशी गर्न पाउँछ ।

क. आफ्नो ज्ञान, शीप वा प्रयासबाट आर्जन गरेको सम्पत्ति
ख. दान, बकस वा अपुताली स्वरुप प्राप्त गरेको,
ग. चिठ्ठा उपहार स्वरुप प्राप्त गरेको,
घ. पारिश्रमिक, उपदान, निवृतिभरण, उपचार खर्च, सञ्चयकोष, बीमा वा अन्य सामाजिक सुरक्षा बापत प्राप्त गरेको रकम,
ङ. बौद्धिक सम्पत्ति वा रोयल्टी स्वरुप प्राप्त गरेको रकम,
च. मानो छुट्टिई पाएको वा आफ्नो खति-उपति गरी कमाएको
छ. महिलाले विवाहपूर्व कमाएको वा विवाहको समयमा प्राप्त गरेको र बढे-बढाएको,
ज. महिलालाई पति वा पति तर्फका सबै अंशियारहरुको मन्जुरीले एकलौटी हुने गरी लिखत गरिदिएको वा दिएको चल-अचल सम्पत्ति र सोबाट बढे-बढाएको,
झ. कानून बमोजिम कुनै व्यक्तिको निजी सम्पत्ति मात्रै उल्लेख गरेको ।

## कस्तो सम्पत्तिबाट महिलाले अंश हक प्राप्त गर्दछिन् ?

संगोलको सम्पत्ति र सोबाट बढे-बढाएको सम्पत्ति अंशियारहरु मध्ये जोसुकैको नाममा रहेपनि सगोलको सम्पत्ति मानिन्छ । निम्न बमोजिमको सगोलको सम्पत्तिबाट महिलालाई अंश हक प्राप्त हुन्छ ।

क. पुर्ख्यौलीबाट प्राप्त सम्पत्ति
ख. निजी बाहेकको अंशियारका नाममा रहेको अन्य सम्पत्ति
ग. अंशियारले संगोलको खेती, उद्योग, व्यापार, व्यवसायबाट आर्जन गरेको वा सोबाट बढे-बढाएको सम्पत्ति ।

## यो पनि थाहापाई राखौ

- कानून बमोजिम भिन्न भएकोमा बाहेक पति वा पत्नीले कमाएको वा त्यसबाट बढे-बढाएको सम्पत्ति पति पत्नीको सगोलको सम्पत्ति मानिनेछ ।
- बाबुआमाले आर्जन गरेको सम्पत्ति समेत छोराछोरीको लागि सगोलको सम्पत्ति मानिन्छ ।

## महिलाले अंश कस्तो अवस्थामा प्राप्त गर्न सक्छिन् ?

महिलाले अंश निम्न अवस्थामा प्राप्त गर्न सक्छिन् ।

१. छोरीको अवस्था,
२. विवाहिता श्रीमतीको अवस्था,
३. एकल (श्रीमान्को मृत्यु पश्चात्) महिलाको अवस्था र
४. सम्बन्ध बिच्छेद गर्दाको अवस्थामा ।

**१. छोरीको अवस्था :**

पैतृक सम्पत्तिमा छोरीको जन्मसिद्ध अधिकार हुन्छ, जुन जन्मनासाथ प्राप्त हुन्छ । विवाहको

आधारमा छोरीलाई अंशहकबाट बञ्चित गर्न मिल्दैन। विवाहित छोरीले अंश माग्दा छोरीको विवाह भएको दिनलाई मानो छुटि्एको मिति मानिन्छ। छोरीले अंश वापत पाएको चल, अचल सबै सम्पत्ति भोगचलन, बेचविखन आफूखुश गर्न सक्दछिन्, कोही कसैको मन्जुरी लिई राख्नु पर्दैन।

२. **विवाहिता श्रीमती (सधवा) अवस्था :**

विवाह पश्चात् महिलालाई पतिको सम्पत्तिमाथि अंश अधिकार प्राप्त हुन्छ। पतिले पत्नीलाई घरबाट निकाला गरिदिएमा वा शारिरीक वा मानसिक यातना दिएमा जुनसुकै बेला पत्नीले अंश लिई भिन्न बस्न सक्छिन्। त्यसरी अंश वापत प्राप्त गरेको चल-अचल सम्पत्ति भोग-चलन, बेचविखन गर्न कोही कसैको मन्जुरी लिई राख्नु पर्दैन, आफूखुश गर्न सक्दछिन्।

३. **एकल (पतिको मृत्यु पश्चात्) महिलाको अवस्था :**

श्रीमान्को मृत्यु पश्चात् महिलाले चाहेमा जहिलेसुकै पनि आफ्नो अंश लिई भिन्न बस्न सक्छिन्। त्यस्तो अंश वापत प्राप्त गरेको सम्पत्ति महिलाले जुनसुकै प्रकृयाले भोग चलन गर्न, बेचविखन गर्न, दान-दातव्य गरी दिन कोही कसैको मन्जुरी लिईराख्नु पर्दैन, आफ्नो खुस गर्न सक्छिन्। तर निजले अर्को विवाह गरेमा यसरी अंश वापत पाएको सम्पत्ति अघिल्लो पति तर्फ छोराछोरी भए छोराछोरीले र नभए आफैंले लिएर जान पाउने छिन्।

४. **सम्बन्ध बिच्छेद गर्ने अवस्था :**

पतिको कारणबाट सम्बन्ध बिच्छेद हुने भएमा पत्नीले अंश लिएर सम्बन्ध बिच्छेद गर्न सक्छिन्। यसरी अंश वापत प्राप्त सम्पत्ति महिलाले अर्को विवाह गरेमा आफूसँगै लान पाउँछिन्, पहिलो श्रीमान्लाई फर्काउनु पर्दैन। यस्तो चल-अचल सबै सम्पत्ति महिलाले आफूखुशी गर्न पाउँछिन्। तर त्यस्ती महिलाले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति वाँकी रहेमा अघिल्लो श्रीमान् पट्टिका सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो श्रीमान्ले र अन्य सम्पत्ति माईतीपट्टीका हकवालाले पाउनेछन्।

## अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा के हुन्छ ?

अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ। तर, गर्भवती महिलाबाट जिउँदो शिशु नजन्मिएमा त्यस्ता शिशुको लागि छुट्याइएको अंश अन्य अंशियारले बराबरी पाउनेछन्।

## अंशवण्डा सम्बन्धी अन्य व्यवस्थाहरु

- कानून बमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिबाट जन्मिएका छोराछोरीले त्यस्ता बाबुआमाबाट अंश पाउनेछन्।

- बाबुको पहिचान नभएका छोराछोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउनेछन् ।
- प्रकाश नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मेका छोराछोरीले पति वा बाबु मरेपछि अंशमा दाबी गर्न पाउने छैन ।
- कुनै व्यक्तिले पत्नी, छोराछोरीसँग अंशबण्डा गरी भिन्न भएपछि अर्को विवाह गरेमा वा त्यसरी विवाह गरेकी पत्नीबाट छोराछोरी जन्मिएमा त्यस्ता पत्नी वा छोराछोरीले पति वा बाबुको अंश भागबाट मात्र अंश पाउनेछन् ।
- पत्नी जीवित हुने कुनै व्यक्तिले अंशबण्डा नहुँदै अर्को विवाह गरेमा अन्य अंशियारको अंश भाग छुट्याई आफूले पाउने अंश भागबाट त्यसरी विवाह गर्ने महिलालाई अंश दिनु पर्नेछ ।
- सगोलमा बसेका दाजुभाइका छोराछोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउनेछन् ।
- अंश नहुँदै पति वा बाबुआमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोरा, छोरीले पाउनेछन् ।
- कुनै व्यक्तिको एकभन्दा बढी पत्नीहरू भएमा निजहरूले पतिको भागबाट मात्र अंश पाउनेछन् ।

## जबर्जस्ती करणी (बलात्कार)



### जबर्जस्ती करणी भनेको के हो ?

कुनै पनि व्यक्तिले नाबालिकाको हकमा मंजुरी लिई वा नलिई र उमेर पुगेका महिलाको हकमा मंजुरी नलिई जबर्जस्ती यौन कार्य (करणी) गरेमा त्यसलाई जबर्जस्ती करणी भनिन्छ । साधारण बोलचालको भाषामा यसलाई बलात्कार पनि भनिन्छ ।

**निम्न अवस्थाहरुमा महिलामाथि यौन सम्बन्ध राखेमा त्यसलाई जबर्जस्ती करणी भएको मानिन्छ : –**

क) १८ बर्षभन्दा मुनिकी बालिकालाई निजको मञ्जुरी लिएर यौन कार्य गरेको भएता पनि त्यसलाई जबर्जस्ती करणी गरेको ठहर्छ ।

ख) महिलालाई निजको मञ्जुरी नलिई जबर्जस्ती यौन कार्य गरेमा त्यसलाई जबर्जस्ती करणी गरेको ठहर्छ ।

ग) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी, बन्धक बनाई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । होश ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

घ) गुदद्वार, मुखमा वा योनीमा लिंग केहीमात्र प्रवेश भएको रहेछ भने पनि यसलाई जबर्जस्ती करणी गरेको मानिने छ।

ङ) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबर्जस्ती करणी गरेको मानिनेछ।

**जबर्जस्ती करणी गर्नेलाई कस्तो सजायँको व्यवस्था गरिएको छ ?**

- १० वर्षभन्दा कम उमेरका बालिकालाई जबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई १६ वर्षदेखि २० वर्षसम्म कैद सजायँ हुन्छ।
- १० वर्ष वा सोभन्दा माथि तर १४ बर्षभन्दा कम उमेरकी बालिकालाई जबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई १४ वर्षदेखि १६ वर्षसम्म कैद सजायँ हुन्छ।
- १४ बर्ष वा सो भन्दा माथि र १६ बर्षभन्दा कम उमेरकी बालिकालाई जबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई १२ बर्षदेखि १४ बर्षसम्म कैद सजायँ हुन्छ।
- १६ बर्ष वा सो भन्दा बढी र १८ बर्षभन्दा कम उमेरकी महिलालाई जबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई १० बर्षदेखि १२ बर्षसम्म कैद सजायँ हुन्छ।
- १८ बर्ष वा सोभन्दा बढी उमेरकी महिलालाई जबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई ७ बर्षदेखि १० बर्षसम्म कैद सजायँ हुन्छ।

**वैवाहिक बलात्कार सम्बन्धी कसूर :**

वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई निजको मन्जुरी बेगर जबरजस्ति यौन सम्बन्ध राखेमा गरेमा वैवाहिक बलात्कारको कसूर हुन्छ।

**सजायँ**

पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा ५ बर्ष सम्म कैद सजायँ हुन्छ।

निम्न अवस्थामा जबर्जस्ती करणी गरेमा वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैन, यस्तो अवस्थामा गरेको जबर्जस्ती करणी सम्बन्धी कसूरमा अन्य महिला विरुद्ध गरेको कसूर सरह सजायँ हुन्छ।

क. पतिसंग मानो छुटिई अंश मुद्दा चलेको।

ख. पतिसंग अंश लिई छुट्टै बसेको।

ग. पतिसंग सम्बन्ध बिच्छेद मुद्दा चलेको।

अन्तरिम सरक्षणात्मक आदेश पीडितले निवेदन दिई माग गरेमा अदालतले यस्तो पीडित पत्नीलाई बसी आएको घर मै बस्न दिन, खानलाउन दिन, कुटपिट नगर्न तथा शिष्ट वा सभ्य व्यवहार गर्न लाउन, आवश्यक उपचार गराउन, आवश्यक देखेमा पतिलाई अलग्ग बस्न, पत्नीलाई भरण पोषणको व्यवस्था गर्न, दुःख दिन वा सताउने कार्य नगर्न, पत्नीको हित सुरक्षाको निमित्त आवश्यक कुरा गर्न गराउन अन्तरिम आदेश दिन सक्नेछ।

## हाडनाता करणी

आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा वाहेकका हाडनाता भित्रका व्यक्तिसंग जानीजानी करणी लिनुदिनु गरेमा त्यसलाई हाडनाता करणी भनिन्छ ।

## आफ्नो हाडनाताभित्र करणी गरेमा के-कति सजायँ तथा जरिवाना हुन्छ ?

आफ्नो जन्म दिने आमाको करणी गर्नेलाई जन्मकैदको सजायँ हुन्छ ।

- आफुले जन्माएको छोरीलाई करणी गर्नेलाई जन्मकैदको सजायँ हुन्छ ।
- सौतिनीआमा, सौतिनी छोरी, सहोदर दिदीबहिनी, ससुराले बुहारीलाई, बाजेले नातिनी पनातिनीलाई, जेठाजुले भाई बुहारीलाई,देवरले भाउजूलाई करणी गरेमा ४ बर्षदेखि १० बर्षसम्म कैद र ४० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुन्छ ।
- एकै हाँगाको तीन पुस्तासम्मको बजैलाई नाति वा पनातिले करणी गरेमा, काका वा ठूलो बुवाले भतिजीलाई, भतिजाले ठूलीआमा वा काकीलाई, ससुराले भतिजी बुहारीलाई, मामाले भान्जीलाई, भान्जाले माईजुलाई, आमा तर्फका ठुलीआमा वा सानी आमालाई छोराले, सासुलाई जुवाईले करणी गरेमा ३ बर्षदेखि ६ बर्षसम्म कैद र ३० हजारदेखि ६० हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- माथि उल्लेखित नातादेखि बाहेक आफ्नो वंशका सात पुस्तासम्मका अन्य नातामा करणी भएमा हाँगो नाता र पुस्ता समेत बीचार गरी १ बर्षदेखि ३ बर्षसम्म कैद १० हजारदेखि ३० हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

## थप सजायँ

सामूहिक जबर्जस्ती करणी: सामूहिक जबर्जस्ती करणी गरेमा, ६ महिनाभन्दा बढीको गर्भवती, असक्त वा अपांङ्ग, वा शारिरीक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जबर्जस्ती करणी गरेमा माथि उल्लेखित उमेर अनुसारको सजायँमा थप ५ वर्ष कैद सजायँ हुन्छ ।

हाडनाता भित्रको जबर्जस्ती करणी: कसैले हाडनाताकी महिलालाई जबर्जस्ती करणी गरेमा उमेर अनुसार जबर्जस्ती करणीमा हुने सजायँ र हाडनाता करणीमा हुने सजायँ समेत गरी दुवै सजायँ गरिने छ ।

**एच.आई.भी. पोजेटिभ तथा यौन रोग सार्ने नियतले जबर्जस्ती करणी गरेमा:** आफूलाई मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई.भी. पोजेटिभ) रोग भएको थाहा पाउँदा-पाउँदै कसैले जबर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई १० बर्षसम्म कैद १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ । त्यस्तो रोग सार्ने नियत नभई लापरवाही वा हेलचेक्राईंबाट सर्न गएको रहेछ भने ३ बर्षसम्म कैद र ३ हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

- अन्य सरुवा यौन रोग भएको थाहा पाउँदा-पाउँदै जबर्जस्तीकरणी गरेमा तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- पीडित आफैं त्यस्तो रोग लागेको व्यक्तिसंग यौन सम्पर्क गर्न गएको रहेछ भने उपरोक्त कसूर गरेको मानिने छैन ।

कैद वा थुनामा रहेकी कुनै महिला विरुद्ध भएको जबर्जस्ती करणी : कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरु कसैलाई संयोग पारी, मिलाई दिई करणी गराएमा ३ वर्ष कैद वा अन्य कानून अनुसार पनि सजायँ हुने रहेछ भने सो सजायँ समेत थप हुनेछ ।

**आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्ति विरुद्ध भएको जबर्जस्ती करणी :** आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिलाई त्यसरी संरक्षण दिने वा हेरबिचार गर्ने व्यक्तिले करणी गरेमा वा करणी गर्न अरुलाई सहयोग गरेमा वा होश ठेगानमा नरहेकी वा शारिरीक वा मानसिक रोग लागि उपचार वा पुर्नस्थापना गर्न राखिएकी कुनै महिलालाई त्यस्तो उपचार वा पुर्नस्थापना गर्ने संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गरेमा, ३ वर्ष कैद वा अन्य कानून अनुसार पनि सजायँ हुने रहेछ भने सो सजायँ समेत थप हुनेछ ।

**सेवाग्राही विरुद्ध भएको जबर्जस्ती करणी :** सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यवसायिक कामको लागि आएको सेवाग्राहीसंग सो कार्यालयको कर्मचारीले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न सहयोग गरेमा चार बर्षसम्म कैद र चालिस हजार रुपैयाँसम्म जरिवाना हुनेछ र अन्य कानून अनुसार पनि सजायँ हुने रहेछ भने सो सजायँ समेत थप हुनेछ ।

## यौन सम्बन्धी अन्य कसूरहरु

**यौन दुर्व्यहार सम्बन्धी कसूर :** आफ्नो पति पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मन्जुरीबिना करणीको आशयले समातेमा वा निजको संवेदनशिल अंग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा गरेमा, निजलाई अस्वभाबिक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अंग छुन समाउन



लगाएमा, निजसंग अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक लिखित वा सांकेतिक रुपमा वा विद्युतिय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्विर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसंग अस्वभाविक अवान्छित वा अर्मयादित व्यवहार गरेमा यौन दुव्यवहारको कसूर गरेको मानिन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँ सम्म जरिवाना हुन्छ ।

**बाल यौन दुरुपयोग :** कसैले करणी गर्ने उदेश्यले अस्वभाविक रुपमा एकान्तमा लगेमा, यौनसम्बन्धी अंग छुने, समाउने गरेमा वा आफ्नो यौन सम्बन्धी अंग छुन समाउन लगाएमा वा अन्य अस्वभाविक यौनजन्य व्यवहार गरेमा बाल यौन दुरुपयोग कसूर गरेको मानिन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

**अप्राकृतिक मैथुन सम्बन्धी कसूर :** कसैले कसैको मन्जुरी बिना अप्राकृतिक मैथुन गरे वा गराएमा यस्तो कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

**जबर्जस्ती करणी गर्ने व्यक्तिलाई पीडित महिलाले मारेमा के हुन्छ ?**

प्रत्येक व्यक्तिलाई आफ्नो तथा अरु कसैको जीउ ज्यान वा सम्पत्तिलाई कुनै गैर कानूनी क्षतिकाट वचाउनको लागी तत्काल कुनै काम नगरेमा बचाउन सकिंदैन भन्ने मनासिब कारण स्वरुप केही गर्दा भए गरेको कुनै काम कसूर मानिने छैन ।

यदि कुनै पनि महिलाले आफु माथि जबर्जस्ती करणी हुने सम्मको ठूलो डर, त्रास परी करणी नहुँदै वा उसै बखत केही गर्दा निज करणी गर्ने मान्छेलाई मरेमा ती महिलालाई सजायँ हुँदैन ।

**अदालती कार्यवाही सम्बन्धमा कानूनले विशेष व्यवस्था गरेकोछ :–**

**(क) यौन सम्बन्धी अपराधमा बन्द इजलासको व्यवस्था :–**

यौनसँग सम्बन्धीत अपराधको मुद्दाको सुनुवाईमा मुद्दासँग सम्बन्धीत कानून व्यवसायी, अभियुक्त, पीडित र निजको संरक्षक, अड्डाले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धीत कर्मचारीमात्र मुद्दाको कारवाही भइरहेको इजलासमा उपस्थित हुन सक्दछन् ।

**(ख) पीडितको बयानमा विशेष व्यवस्था :–**

जबर्जस्ती करणी मुद्दामा पीडितको बयान गराउँदा महिला कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य कर्मचारीले बयान गराउनु पर्दछ ।

**जबर्जस्ती करणीमा कहाँ उजुरी गर्नुपर्दछ ?**

यदि कसैलाई जबर्जस्ती करणी (बलात्कार) भएमा जबर्जस्ती करणी हुनासाथ वा भएको

थाहा पाउनासाथ तुरुन्तै नजिकैको प्रहरी चौकीमा लिखित वा मौखिक उजुरी थाहा पाउने जोसुकैले पनि गर्न सक्छ ।।

## जबर्जस्ती करणीमा कहिले उजुरी गर्नुपर्दछ ? (हदम्याद)

सकेसम्म तुरुन्तै उजुरी गर्नुपर्दछ, नभएमा जबर्जस्ती करणी भएको १ बर्ष भित्रमा उजुरी दिइसक्नु पर्दछ। तर थुनामा रहेको तथा बन्धक बनाएको अवस्थामा भने मुक्ति पाएको मितिले तीन महिना भित्र उजुरी गर्नुपर्ने छ । नत्रभने उजुरी लाग्दैन । हाडनाता करणीको हकमा भने जहिलेसुकै पनि उजूर लाग्न सक्नेछ ।

## जबर्जस्ती करणीमा कसले उजुरी गर्न सक्दछ ?

जबर्जस्ती करणीमा पीडित आफैंले वा पीडितको परिवार, आफन्त वा जोसुकैले उजुरी दिन सक्दछ ।

## जबर्जस्ती करणी भएमा तुरुन्तै के गर्नु पर्दछ ?

- बलात्कार हुँदा लगाएको लुगा, कट्टु र यौन अंग नधुने, धोएमा प्रमाणहरु नष्ट हुन्छन् । उक्त कपडाहरु खोलेर सुरक्षित राख्ने ।
- तुरुन्तै नजिकको प्रहरी चौकी, महिला तथा बालबालिका सेवा केन्द्रमा गएर लिखित वा मौखिक जाहेरी दरखास्त दिने ।
- प्रहरीलाई लिएर तुरुन्तै शारिरीक परीक्षणका निम्ति अस्पताल जाने, जबर्जस्ती करणी हुँदा लगाएका कपडा समेत जाँच गराउने, बलात्कारमा डाक्टरको रिपोर्ट महत्वपूर्ण हुन्छ ।

## जबर्जस्तीबाट बच्नका लागि के-कस्ता सावधानीहरु अपनाउनु पर्दछ?

- अति घनिष्ठ पुरुषसँगको मैत्री सम्बन्धबाट होशियार रहनुहोस् ।
- आफ्नो व्यक्तिगत विवरण जस्तै: नाम, ठेगाना, फोन नं. फेसबुक जस्ता समाजिक संजाल मार्फत् नखोल्नुहोस् ।
- अपरिचित व्यक्तिहरुसंग आफ्नो व्यक्तिगत विवरण दिएर अनावश्यक कुरा नगर्नुहोस् ।
- अन्धकारमय क्षेत्रमा हिंड्दा होशियार भई हिंड्नोस्, सकेसम्म एक्लै नहिंड्नोस् ।
- जोसुकैले दिएको खानेकुरा नखानोस् वा पेय पदार्थ नपिउनोस् र उपहार नलिनोस् ।
- पुरुष साथीले घुम्न जाऊँ भन्दैमा जतातते एक्लै घुम्न नजानोस् ।
- आफु कहिँ जाँदा वा बाहिर घुम्न जाँदा परिवारलाई जानकारी दिएर मात्र जानुहोस् ।
- शिक्षकहरुलाई तथा अन्य व्यक्तिलाई पनि शरीरका अंगहरु छुन समाउन नदिनुहोस् ।
- बालबालिकालाई उनीहरुका यौन अंगहरुको बारेमा, राम्रो मनसायले गरिएको स्पर्श र नराम्रो मनसायले गरिएको स्पर्शको सम्बन्धमा जानकारी दिलाउनु होस् ।
- बालबालिकालाई खुलेर बोल्ने वातावरण दिनुहोस् र उनीहरुको कुरालाई ध्यानपूर्व सुनिदिनुहोस् ।

# गाली बेइज्जती

## गाली

कसैले कसैलाई होच्याउने नियतले वोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानिन्छ ।



## सजायँ

यस्तो कसूर गर्ने व्यक्तिलाई १ बर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुन्छ ।

## बेइज्जती

अरुको ईज्जतमा धक्का पुर्‍याउने नियतले वा धक्का पुग्नसक्छ भन्ने जानजानी वा विश्वास गर्ने मनासिव कारण भई लेखेर, आचरण चिन्ह वा जुनसुकै तवरले त्यस्तो व्यक्तिलाई अरुको दृष्टिमा निजको चरित्र, आचरण नैतिकता वा ख्यातिलाई होच्याउने गरी चरित्रहत्या गरेमा, दोष लगाएमा वा प्रचार-प्रसार, प्रकाशन गरेमा कसैको बेईज्जती हुने चिज जानजानी बिक्री वितरण गरिएमा, ब्यङ्ग्य गरी वा घुमाउरो तवरले कुनै आक्षेप लगाएमा बेइज्जती गरेको मानिन्छ ।

## सजायँ

यस्तो कसूर गर्ने व्यक्तिलाई २ बर्षसम्म कैद र २० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ ।
विद्युतिय वा आमसञ्चार माध्यमबाट बेईज्जती गरे गराएमा थप १ बर्ष कैद र दश हजार जरिवाना हुनेछ ।

## क्षतिपूर्ति

कसैले कसैको बेईज्जती गरेको ठहरिएमा कसूरको गाम्भिर्यता, व्यक्तिको प्रतिष्ठामा पर्न गएको असर समेतलाई बिचार गरी मनासिब क्षतिपूर्ति र मुद्दामा लागेको खर्च समेत भराउनु पर्छ ।

## उजुरी लाग्ने निकाय

गाली बेइज्जती भएमा जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

## हदम्याद

यो ऐन अन्तर्गत मुद्दा चलाउनु पर्ने कारण भएमा त्यस्तो कारण परेको मितिले ३ महिनाभित्र नालिस दिनुपर्दछ र यस्तो कसूर गर्नेलाई ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

## छाउपडी

महिला रजस्वला वा सुत्केरी अवस्थामा छाउपडीमा राख्न वा यस्तै अन्य कुनै किसिमको भेदभाव छुवाछुत वा अमानविय व्यवहार गर्न गराउनु हुँदैन ।

### सजायँ

यस्तो कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ । कुनै राष्ट्र सेवकले यो कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैदको सजायँ हुनेछ ।

### क्षतिपूर्ति

पीडितलाई पुगेको पीडा वा क्षति वापत मनासिक माफिकको क्षतिपूर्ति भराईदिनु पर्ने ।

### हदम्याद

छाउपडी सम्बन्धी कसूर भए गरेको मितिले ६ महिनाभित्र उजुर गर्नुपर्नेछ ।

## विवाहमा लेनदेन (दाईजो तिलक) विरुद्धको व्यवस्था

- आफ्नो परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शशीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलाहा वा दुलहीको तर्फबाट कुनै किसिमको चल-अचल, दाईजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न गराउन हुँदैन ।

### सजायँ

यस्तो कसूर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ । सम्पत्ति लिएको भए फिर्ता गर्नुपर्नेछ ।

- कसैले विवाह गरिसकेपछि चल-अचल सम्पत्ति वा दाईजो माग गर्ने वा त्यस्तो चल-अचल सम्पत्ति वा दाईजो नदिएको कारणले दुलही वा निजको नातेदारलाई कुनै किसिमले हैरान पार्ने, सताउने वा अपमानजन्य व्यवहार गर्नु हुँदैन ।

### सजायँ

यस्तो कसूर गर्ने व्यक्तिलाई ५ बर्षसम्म कैद वा ५० हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजायँ हुनेछ । सम्पत्ति लिएको भए फिर्ता गर्नुपर्नेछ ।

### हदम्याद

थाहा पाएको मितिले ३ महिना भित्र उजुरी दिनु पर्नेछ ।

## तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग विरुद्ध व्यवस्था

कसैले कसैलाई तेजाव वा यस्तै प्रकारका अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पार्ने काम गर्नु गराउनु हुँदैन ।

### सजायँ

अनुहार कुरुप पारेमा ५ बर्षदेखि ८ बर्षसम्म कैद र १ लाखदेखि ५ लाख सम्म **जरिवाना** अन्यअंग कुरुप पारेमा वा पीडा पुर्‍याएमा ३ बर्षदेखि ५ बर्षसम्म कैद ५० हजारदेखि ३ लाख रुपैयाँसम्म जरिवाना ।

### क्षतिपूर्ति

जरिवाना वापतको सम्पूर्ण रकम पीडितलाई क्षतिपूर्तिवापत दिनु पर्नेछ ।

### हदम्याद

यस्तो कसूर भए गरेको मितिले एक बर्षभित्र उजुरी दिई सक्नु पर्नेछ ।

## गर्भ संरक्षण विरुद्धको कसूर

कसैको गर्भपतन गर्ने वा गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्ने काम गरी गर्भपतन गराउन हुँदैन । गर्भवती महिलालाई करकाप वा धम्की दिई, ललाई-फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउनु हुँदैन ।

### सजायँ

यस्तो कसूर गर्ने गराउने व्यक्तिलाई

- १२ हप्तासम्मको गर्भ भए १ बर्ष कैद र १० हजार रुपैयाँसम्म जरिवाना
- १२ हप्ताभन्दा बढी २५ हप्तासम्मको भए ३ बर्ष कैद र ३० हजार रुपैयाँसम्म जरिवाना
- २५ हप्ताभन्दा बढीको गर्भ भए ५ बर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना
- गर्भपतन गर्ने कसूर गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मिएको बच्चा तत्काल मरेमा गर्भपतन गराएको नै मानिनेछ ।
- कसैले गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी २५ हप्ता वा सो भन्दा माथीको गर्भपतन हुन गएमा अन्य कानून बमोजिम हुने सजायँमा थप ५ बर्ष कैद हुनेछ ।

  गर्भवती महिला विरुद्ध कुनै रिसिइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियत भएता पनि निम्न बमोजिम सजायँ हुन्छ ।

- १२ हप्तासम्मको गर्भ भए १ बर्ष कैद
- १२ हप्ताभन्दा बढी २५ हप्तासम्मको भए ३ बर्ष कैद
- २५ हप्ताभन्दा बढीको गर्भ भए ५ बर्षसम्म कैद

  गर्भपतन गर्ने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिंग पहिचान गर्न गराउन हुँदैन र लिंग पहिचान भएपछि गर्भपतन गर्न गराउन हुँदैन । सो कसूर गरेमा निम्न बमोजिम सजायँ हुन्छ ।
- गर्भपतन गर्ने उदेश्यले गर्भमा रहेको भ्रुणको लिंग पहिचान गर्ने र गराउनेलाई ३ महिनादेखि ६ महिनासम्म कैद ।
- लिंग पहिचान गरी गर्भपतन गर्ने गराउनेलाई लेखिएको सजायँमा थप एकबर्ष कैद ।

### हदम्याद

- यस्तो कसूर भए गरेको मितिले ६ महिनाभित्र उजुरी दिईसक्नु पर्नेछ तर, निम्न अवस्थामा गरिएको गर्भपतनलाई कसूर मानिने छैन ।
- गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भपतन गराएकोमा,
- गर्भपतन नगराएमा महिलाको जीउज्यानमा खतरा पुग्न सक्ने, निजको शारिरीक वा मानसिक स्वास्थ्य खराब हुनसक्ने वा विकलांक बच्चा जन्मन्छ भन्ने डा.को राय भएमा त्यस्ती महिलाको मन्जुरीले गर्भपतन गराएको र जबर्जस्ती करणी र हाडनाता करणीबाट रहेको १८ हप्ता सम्मको गर्भपतन गराएकोमा,
- एच.आई.भी वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मन्जुरीले गर्भपतन गराएकोमा ।

## बोक्सा वा बोक्सीको आरोप सम्बन्धी कसूर

- बोक्सा वा बोक्सीको आरोप लगाउने, वा
- बोक्सा वा बोक्सीको आरोप लगाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने,
- सामाजिक वहिष्कार गर्ने, वा
- अन्य जुनसुकै काम गरी क्रुर, अमानविय वा अपमानजन्य व्यवहार गर्ने ।

### सजायँः

यस्तो कसूर गर्ने व्यक्तिलाई ५ बर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

# ३. घरेलु हिंसा (कसूर र सजायँ) ऐन, २०६६ सम्बन्धी कानुनी व्यवस्था

## घरेलु हिंसा भनेको के हो ?

"घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ।

## घरेलु हिंसा सम्बन्धी ऐनले कस्ता प्रकारका हिंसालाई दण्डनिय मानेको छ ?

घरेलु हिंसा सम्बन्धी ऐनले निम्न चार प्रकारका हिंसालाई दण्डनीय मानेकोछ।

१) **शारिरीक हिंसा :**

कुटपिट गर्ने, गैर कानुनी थुनामा राख्ने, शारिरीक चोट पुऱ्याउने, तेजाब वा त्यस्तै अन्य प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, दली, घसी, जीउमा पीडा पुर्‍याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य शारिरीक हिंसा हो।

२) **मानसिक हिंसा :**

शारिरीक हिंसाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली-गलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, सांस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुपरंग, शारिरीक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन गर्ने वा आत्महत्या गर्ने परिस्थिती खडा गर्ने हदसम्मको कार्य मानसिक हिंसा हुन्। यो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य काम समेतलाई जनाउँछ।

३) **यौनजन्य हिंसा:**

यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य यौनजन्य हिंसा हुन्।

४) **आर्थिक हिंसा**

महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारी वा आर्थिक स्रोत वा साधनको पहुँच वा प्रयोगबाट बञ्चित गरिनु , महिलाको हकमा दाईजो माग गर्ने, दाईजो ल्याउन दवाब दिने, दाईजो नल्याएको कारणबाट घृणा, हेला तथा तिरस्कार गर्नुलाई समेत आर्थिक हिंसा भनिन्छ।

## कसले गरेको हिंसांलाई घरेलु हिंसा भनिन्छ ?

कानूनले निम्न तलका सम्बन्धलाई घरेलु सम्बन्ध भित्र पर्ने व्यक्तिहरु भनेर उल्लेख गरेकोछ। यसरी घरेलु सम्बन्ध भएको व्यक्तिले गरेको हिंसालाई घरेलु हिंसा भनिन्छ :

- वंशज,

- विवाह,
- धर्म पुत्र/पुत्री
- संयुक्त परिवारको सदस्य
- आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको वा हुन सक्ने सम्बन्धलाई राखिएको छ।
- संगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नी समेतलाई जनाउँछ।

## घरेलु हिंसा भएमा कसले र कहाँउजुरी दिने ?

घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई निवेदन दिन सक्नेछ। घरेलु हिंसा भएमापीडितले निम्न चार निकायहरु मध्ये कुनै एकमा उजुरी गर्न सक्नेछ।

(१) **प्रहरी कार्यालय**

प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ।

(२) **राष्ट्रिय महिला आयोग**

राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरी सम्बन्धी कारवाही

- जाँचबुझ गर्ने
- मेलमिलाप गर्न सक्ने
- सिफारिस वा अनुगमन गर्ने

(३) **स्थानीय तह (गा.पा./न.पा./वडा कार्यालय)**

- स्थानीय तहमाउजुरी दर्ता भएकोमो बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ।

(४) **अदालत**

- उजुरी प्राप्त भएमा अदालतले सोही उजुरीको आधारमा यस ऐन बमोजिम कारवाही र किनारा गनुपर्नेछ।
- यसरी उजुरी परेपछि स्थानिय तह वा प्रहरी कार्यालयले पीडितले चाहेमा उजुरी परेको ३० दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराईदिनु पर्छ। यदि मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय तह (गा.पा./नगरपालिका) ले उजुर गर्ने व्यक्तिको सहमति भएमा मेलमिलाप गर्ने म्याद (३० दिन) सकिएको मितिले १५ दिनभित्रमा उजुरी र प्रमाण कागजसहित जिल्ला अदालतमा पठाइदिनु पर्छ।

## संरक्षणात्मक आदेश भनेको के हो ?

पीडित व्यक्तिले अदालतमा उजुरी दिइसकेपछि अदालतलाई नीज तथा नीजसँग आश्रितको

जीउज्यानको सुरक्षा वा संरक्षणको आवश्यकता छ भन्ने लागेमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मका लागि संरक्षणात्मक आदेश दिनसक्नेछ।

अदालतले यस्तो आदेश पीडित व्यक्तिलाई आफू बसेको घरैमा बसोबास गर्न दिने, खान लाउन दिने, कुटपिट नगर्ने, शिष्ट र सभ्य व्यवहार गर्ने, पीडितलाई शारिरीक मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन तथा उपचारको लागि रकम उपलब्ध गराउन, पीडक र पीडित एकै ठाउँमा बस्न उपयुक्त नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न र त्यसरी अलग बस्दा पीडितको लागि भरण पोषणको व्यवस्था गर्न, गाली बेइज्जती नगर्ने, धम्की नदिने, पीडित बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई कुनै किसिमको सञ्चार माध्यमबाट दुःख नदिनु भनी घरेलु हिंसा गर्ने व्यक्तिको नाममा दिनसक्नेछ। पीडितका अतिरिक्त नाबालक वा निजसंग आश्रितलाई समेत कुनै संरक्षण दिन आवश्यक देखिएमा अदालतले आदेश दिन सक्नेछ।

## उजुरी पछि चाल्नु पर्ने कदमहरु

- जाँचबुझ
- पीडकलाई झिकाउने (अटेर गरी बसेमा पक्राउ गर्न सक्ने)
- पीडितको घाउ जाँच सम्बन्धी व्यवस्था गर्नुपर्ने
- तत्काल पीडितको सुरक्षा व्यवस्था मिलाउनु पर्ने
- मेलमिलापगराउनु पर्ने

## घरेलु हिंसामा उजुरी गर्ने हदम्याद कति हुन्छ ?

कसूर भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्नेछ।

## घरेलु हिंसामा के-कति सजायँ हुन्छ ?

- घरेलु हिंसा गरेमा: कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई रु. ३ हजारदेखि रु. २५ हजार सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजायँ हुनेछ।
- घरेलु हिंसाको उद्योग गरेमा, दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायँको आधा सजायँ हुनेछ।
- पटके पीडकको हकमा: एक पटक घरेलु हिंसाको कसूरमा सजायँ पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजायँ हुनेछ
- सार्वजनिक जवाफदेहिको पदमा बहाल रहेको कुनै व्यक्तिले आफ्नो पत्नी, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप १० प्रतिशत सजायँ हुन्छ।
- अदालतको अन्तरिम संरक्षणको आदेश पालना नगरेमा : अदालतले प्रदान गरेको आदेश

पालन नगर्ने व्यक्तिलाई रु. २ हजारदेखि रु. १५ हजारसम्म जरिवाना वा ४ महिनासम्म कैद वा दुवै सजायँ हुनेछ ।

### घरेलु हिंसाका पीडितले के-कस्ता अधिकारहरु प्राप्त गर्न सक्नेछन् ?

- घरेलु हिंसाको पीडितले अनुरोध गरेमा जिल्ला कानुनी सहायता मार्फत् निःशुल्क कानुनी सहायता पाउनेछन् ।
- घरेलु हिंसाको पीडितले घरेलु हिंसाको प्रकृति ,मात्रा, पीडितलाई पुगेको पीडा, पीडक र पीडितको आर्थिक तथा सामाजिक हैसियतको आधारमा मनासिब माफिकको क्षतिपूर्तिको प्राप्त गर्न सक्नेछन् ।
- घरेलु हिंसाको पीडितको उपचारको लागि लागेको खर्च पीडकले बेहोर्नुपर्नेछ ।
- संक्षिप्त कार्यविधि अपनाईनेछ ।
- पिडितले अनुरोध गरेमा मुद्दाको कारवाही तथा सुनुवाई बन्द ईजलासमा हुनेछ ।
- पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ ।
- पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्न सेवा केन्द्रमा बस्नुका साथै आवश्यकतानुसारकानुनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा तथा आर्थिक सहायता प्राप्त गर्ने अधिकार हुनेछ ।

**यो पनि थाहा पाई राख्नुहोस्**

अंग-भंग गरेको वा तेजाब वा त्यस्तै अन्य प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी, जीउमा पीडा पुर्‍याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारिरीक यातना सम्बन्धी घरेलु हिंसाको कसूर भएको, भईरहेको वा हुन लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्नेछ । यस्तो मुद्दामा नेपाल सरकार बादी हुनेछ ।

## ४. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता ऐन), २०३३ ले गरेका व्यवस्थाहरू

### १. व्यक्तिगत घटना दर्ता भनेको के हो ?

मानिसकोजीवनमा घट्ने व्यक्तिगत घटनाहरु जस्तै कुनै व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद तथा बसाई सराईलाई स्थानिय निकायमा रहेको स्थानिय पञ्जिकाधिकारी (तोकिएको अधिकारी )को मा गई दर्ता गराई प्रमाण पत्र लिने कार्यलाई **व्यक्तिगत घटना दर्ता** भनिन्छ ।

## २. स्थानिय पञ्जिकाधिकारी कसलाई भनिन्छ ?

वडा सचिव वा वडा सचिव नभएको अवस्थामा पञ्जिकाधिकारीको सहमतिमा सचिवले तोकेको स्थानिय कर्मचारी ।

## ३. कहिले दर्ता गराउने? (समयअवधि)

घटना घटेको ३५ दिनभित्र तोकिए बमोजिमको फारम भरी स्थानिय पञ्जिकाधिकारी (तोकिएको अधिकारी) लाई जानकारी दिनु पर्नेछ। सोही सूचनाको आधारमा फारमको सूचना, सहिछाप, ल्याप्चे लगाएको छ, छैन चेकजाँच गरी त्यस्तो घटना सम्बन्धित दर्ता किताबमा दर्ता गर्नुपर्छ। यदि व्यक्तिगत घटना नेपाल बाहिर घटेको भए सो घटनाको सूचना नेपाल आएको ६० दिनभित्र दिनु पर्छ। यसरी आएको सूचना दर्ता गर्नासाथ दर्ताको प्रमाण-पत्र दिनुपर्छ।

## ४. दर्ता शुल्क लाग्छ की लाग्दैन ?

घटना घटेको ३५ दिनभित्र दर्ता गराएमा निःशुल्क हुन्छ। ऊक्त म्याद नाघेको ३५ दिनभित्र दर्ता गराएमा ८ रुपैयाँ शुल्क लाग्नेछ। सो म्याद पनि कटाई दर्ता गर्न आएमा बढिमा ५० रुपैयासम्म जरिवाना तिरी दर्ता गराउन पाईन्छ।

## ५. व्यक्तिगत घटनाको दर्ता कसले गराउने ?

**जन्म तथा मृत्युः** परिवारको मुख्य व्यक्ति (परिवारको पालनपोषण गर्ने व्यक्ति) र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको (१६ बर्ष पूरा भएको) व्यक्तिले।

**विवाहः** पति पत्नी दुवैले।

**सम्बन्ध बिच्छेदको सूचना :** पति वा पत्नीले।

**बसाई सराईको सूचना :** बसाई सर्ने परिवारको मुख्य व्यक्तिले (परिवारको पालनपोषण गर्ने व्यक्ति) र परिवार नभए बसाईसराई गर्ने व्यक्तिले।

## ६. व्यक्तिगत घटना दर्ता कति प्रकारका हुन्छन्?

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना(दर्ता ऐन), २०३३ बमोजिम दर्ता गर्नुपर्ने व्यक्तिगत घटनाहरु निम्न प्रकारका हुन्छन्।

- **जन्म दर्ताः**

  नेपालको संविधान २०७२ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्म दर्ताको हक हुनेछ भनि जन्म दर्तालाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ।बच्चाको जन्म दर्ता उसको जन्मशिद्ध अधिकार हो। उसको परिवारसंगको नाता प्रमाणित (किटान) गर्ने सबैभन्दा महत्वपूर्ण दस्तावेज नै जन्मदर्ता हो। जन्म दर्ताले व्यक्तिको कानुनी, पारिवारिक तथा शैक्षिक अधिकारहरु सुनिश्चित गर्छ। नागरिकता प्राप्तिमा सहज हुनुका साथै राष्ट्रको वास्तविक जनसंख्या सम्बन्धी तथ्यांक राख्न समेत मद्दत पुग्दछ।

- **विवाह दर्ता:**

  पति र पत्नीको नाता स्थापित तथा प्रमाणित गर्ने सबैभन्दा महत्वपूर्ण दस्तावेज नै विवाहदर्ता हो । कानुनी तथा पारिवारिक अधिकार सुनिश्चित गर्नका लागि विवाह दर्ताको महत्वपूर्ण भूमिका रहेको छ । विवाह दर्ताले श्रीमान्को नामबाट नागरिकता प्राप्त गर्नमा समेत सहज हुन्छ । बहुविवाह, ढाँटी विवाह आदिलाई नियन्त्रण गर्न, त्यस्तो विवाह गर्नेलाई सजायँ दिलाउन तथा आफ्नो सम्पत्ति सम्बन्धी अधिकारको सुनिश्चितताको लागि समेत विवाह दर्ता गर्नु आवश्यक छ । आफ्नो सन्तानको जन्म दर्ता गराउनका लागि पनि विवाह दर्ता गराउनु पर्छ ।

## पतिले विवाह दर्ता गर्न ईन्कार गरेमा के गर्ने ?

नजिकको जिल्ला अदालतमा गई अंश, मानाचामल, घरेलु हिंसा मुद्दा राखी सोही अदालतको फैसलाको आधारमा नाता कायम भएपछि विवाह दर्ता गर्नु पर्दछ ।

## बेपत्ता भएको व्यक्तिको विवाह दर्ता गर्न के गर्नुपर्छ ?

बेपत्ता भएको आधिकारिक प्रमाण, विवाहित महिलाको सासु वा ससुरा वा देवर वा जेठाजु भएका निजहरुमध्ये १ जना समेत कम्तीमा ५ जना भएको स्थलगत सर्जमिन मुचल्काको आधारमा वेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न सकिन्छ ।

- **बसाईं सराई दर्ता:**

  बसाई सराई भन्नाले ६ महिनाभन्दा बढि अवधिको लागि नेपालभित्र एक गाउँपालिका/नगरपालिकाबाट अर्को गाउँपालिका/नगरपालिका वा विदेशमा बसाई सरी जाने वा विदेशबाट आउने कार्यलाई जनाउँछ । यसरी बसाई सराई गर्दा अनिवार्य रुपमा स्थानिय निकाय ( गाउपालिका/नगरपालिका/वडाकार्यालय) मा दर्ता गराउनु पर्दछ । राज्यलाई बसाई सराई सम्बन्धी जनसंख्या सम्बन्धी तथ्यांक तयार पार्न पनि बसाई सराईको दर्ता हुनु अत्यन्त महत्वपूर्ण हुन्छ ।

- **मृत्यु दर्ता:**

  कुनै व्यक्तिको मृत्यु भएपछि स्थानिय निकायमा रहेको पञ्जिकाधिकारी (तोकिएको अधिकारी) लाई सूचना दिई मृत्युदर्ता गराउनु पर्दछ । मृत्यु दर्ता प्रमाणपत्र नै मृतकको मृत्यु सम्बन्धी कानुनी प्रमाण हो । मृत्यु दर्ता गरेपछि मृतकसंगको आफ्नो नाता सम्बन्ध प्रमाणित गर्न सजिलो हुन्छ । सोहि नाताप्रमाणितको आधारमा सम्पत्ति नामसारी /हस्तान्तरण लगायतका हक अधिकार हस्तान्तरण गर्न सकिन्छ । मृत्यु सम्बन्धी जनसंख्या सम्बन्धी तथ्यांक तयार पार्न तथा जालसाजी र झुट्टा काम कारबाही नियन्त्रणका लागि समेत मृत्यु दर्ता गराउनु पर्दछ ।

- **सम्बन्ध बिच्छेद दर्ता:**

  अदालतमा कानुनी रुपमा सम्बन्ध बिच्छेद भएपछि फैसलाको नक्कल राखी स्थानिय

निकायको पञ्जिकाधिकारी (तोकिएको अधिकारी) कोमा तोकिएको फारम भरी दर्ता गराउनु पर्दछ ।

### ७. क्षेत्राधिकार

व्यक्तिगत घटना दर्ताको सम्बन्धमा विवाद उत्पन्न भएमा त्यस्तो विवाद हेर्ने अधिकार क्षेत्र भएको निकायले मात्र मुद्दा हेर्न पाउँछ जसलाई क्षेत्राधिकार भनिन्छ । व्यक्तिगत घटना दर्ता सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । विशेष अदालत ऐन २०३१ बमोजिमको कार्यविधि अपनाई गरिनेछ । प्रमुख जिल्ला अधिकारीको निर्णय विरुद्ध उच्च अदालतमा पुनरावेदन लाग्नेछ । व्यक्तिगत घटना दर्ता सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ ।

### ८. दण्ड सजायँ

(१) मागिएको विवरण वा सोधिएको प्रश्नावलीको जवाफ नदिनेलाई बढीमा ५० रूपैयाँसम्म जरिवाना हुनेछ ।

(२) कसैले अरुलाई दुःख दिने वा व्यक्तिगत लाभ गर्ने नियतले झुठ्ठो व्यक्तिगत घटनाको सूचना दिएको प्रमाणित भएमा त्यस्तो झुठ्ठो सूचना दिने व्यक्तिलाई बढीमा १०० रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै हुनेछ र त्यस्तो घटना दर्ता भइसकेको रहेछ भने सो दर्ता रद्द हुनेछ ।

(३) कसैले आफ्नो जिम्मामा रहेको व्यक्तिगत घटना सम्बन्धी सूचना फाराम वा दर्ता किताब वा परिवार लगत जानी-जानी नष्ट गरेमा वा व्यक्तिगत लाभ वा अनधिकृत कामको लागि प्रयोग गरेमा निजलाई तीन महिनासम्म कैद वा ३०० रूपैयाँदेखि ६०० रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ गर्न सकिनेछ ।

(४) कसैले व्यक्तिगत घटना दर्ता गराउन आउने व्यक्तिलाई दर्ता गराउन रोकेको वा छेकथुन गरेको वा भड्काएको ठहरेमा निजलाई बढीमा २०० रुपैयाँसम्म जरिवाना हुनेछ ।

**दर्ताको मान्यता :** दर्ताको प्रमाणपत्र व्यक्तिगत घटना भएको छ भन्ने कुराको प्रमाण हुनेछ र त्यस्तो प्रमाण कुनै पनि कार्यालय र अदालतमा पेश गर्न तथा व्यक्तिगत कारोबारमा प्रयोग गर्न सकिनेछ ।

## ५. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१

### कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार भनेको के हो?

कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा तल उल्लेखित कार्य मध्ये कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछ :-

(क) यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा वा छुने प्रयास गरेमा,

(ख) अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य,

अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामाग्री प्रयोग वा प्रदर्शन गरेमा,

(ग) लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,

(घ) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,

(ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा,

तर शैक्षिक, सूचनामूलक, अनुसन्धानमूलक, उपचार वा बचाउको सिलसिलामा (क), (ख) वा (ग) लेखिएको कार्य गरिएमा कुनै पनि काम कारबाहीलाई यौनजन्य दुर्व्यवहार गरेको मानिने छैन ।

## कार्यस्थलमा यौनजन्य दुर्व्यवहार हुन नदिन वा निवारण गर्नको लागि व्यवस्थापकले के-कस्ता कार्यहरु गर्नु पर्नेछ ?

कार्यस्थलमा यौनजन्य दुर्व्यवहार हुन नदिन वा निवारण गर्नको लागि व्यवस्थापकले निम्न कार्यहरु गर्नुपर्नेछ ।

(क) कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनमा यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ख) यौनजन्य दुर्व्यवहार हुन नदिन कर्मचारी तथा सेवाग्राहीलाई सजग गराउने,

(ग) यौनजन्य दुर्व्यवहार दोहोरिन नदिन आवश्यक सुधारात्मक उपायहरु अवलम्बन गर्ने,

(घ) पीडितलाई आवश्यकता अनुसार मनोविमर्श सेवा उपलब्ध गराउने,

(ङ) कार्यस्थलमा गुनासो पेटिका राख्ने,

(च) व्यवस्थापकले यौनजन्य दुर्व्यवहार विरुद्ध उजुरी गर्ने अवधि, कार्यविधि तथा उजुरी सुन्ने अधिकारीको सम्बन्धमा पीडितलाई स्पष्ट रुपमा जानकारी गराउनु पर्नेछ ।

## कार्यस्थलमा यौनजन्य दुर्व्यवहार भएमा कसले, कति समयभित्र को समक्ष गुनासो गर्नुपर्छ ?

कार्यस्थलमा यौनजन्य दुर्व्यवहार भएमा पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले कार्यालयको व्यवस्थापक समक्ष १५ दिन भित्र लिखित वा मौखिक रुपमा गुनासो गर्नुपर्नेछ । अर्थात् कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर यौनजन्य दुर्व्यवहार भए गरेको मितिले ९० दिनभित्र प्रमाण सहित प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

## कार्यस्थलमा यौनजन्य दुर्व्यवहार भएमा गुनासोको सुनुवाई कसरी हुन्छ ?

कार्यस्थलमा यौनजन्य दुर्व्यवहारको कुनै गुनासो परेमा व्यवस्थापकले सो सम्बन्धमा तुरुन्त छानविन गर्नु पर्नेछ । उपदफा (२) बमोजिम छानविन गर्दा आरोपित व्यक्तिले गुनासो गर्ने कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको देखिएमा व्यवस्थापकले देहायको कुनै वा

सबै कार्य गर्न वा गराउन लगाउन सक्नेछ :-

(क) दुवै पक्ष मञ्जुर भएमा पीडित र आरोपित व्यक्तिबीच मेलमिलाप गराइदिन,

(ख) आरोपित व्यक्तिलाई पीडितसँग माफी मगाउन,

(ग) आरोपित व्यक्तिलाई त्यस्तो काम पुन: नगर्न सचेत गराउन,

(घ) आरोपित व्यक्तिबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिन,

(ङ) आरोपित व्यक्तिलाई सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गर्न ।

**व्यवस्थापकले गुनासोको टुङ्गो गुनासो गरेको मितिले पन्ध्र दिनभित्र लगाउनु पर्नेछ ।**

## कार्यस्थलमा यौनजन्य दुर्व्यवहार उपर व्यवस्थापकबाट समयमा निर्णय नभएमा वा भएको निर्णयमा चित्त नबुझेमा सो उपर कहाँउजुरी गर्ने ?

कुनै व्यवस्थापकले पीडितले गरेको गुनासो उपर निर्धारित अवधिभित्र टुङ्गो नलगाएमा त्यस्तो अवधि समाप्त भएको मितिले र व्यवस्थापकले गरेको निर्णय उपर कुनै पक्षले चित्त नबुझाएमा त्यस्तो निर्णय भएको मितिले ७० दिनभित्र पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकै वा आरोपित व्यक्तिले उजुरी सुन्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

## उजुरीकर्ताको संरक्षण सम्बन्धी ऐनले कस्तो व्यवस्था गरेको छ ?

(१) यस ऐन बमोजिम उजुरी गरेको कारणले मात्र व्यवस्थापकले कुनै कर्मचारीलाई सेवाबाट हटाउन, अन्य विभागीय कारबाही गर्न वा निजको सरुवा, बढुवा लगायतका वृत्ति विकासमा असर पर्ने गरी कुनै किसिमको कारबाही गर्न पाउने छैन ।

- व्यवस्थापकले माथि उल्लेखित विपरीत कुनै कर्मचारी उपर कुनै किसिमको कारबाही गरेमा त्यस्तो कर्मचारीले सो व्यहोरा खुलाई प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।
- उक्त निवेदन छानविन गर्दा निवेदनको व्यहोरा मनासिव देखेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो निर्णय बदर गर्न वा सच्याउन सम्बन्धीत व्यवस्थापकलाई आदेश दिनेछ ।
- प्रमुख जिल्ला अधिकारीले दिएको आदेश उपर सम्बन्धीत व्यवस्थापकले पुनरावेदन गर्ने म्याद नाघेको वा पुनरावेदन परेकोमा सो उपर निर्णय भएको १५ दिनभित्र त्यस्तो आदेश कार्यान्वयन गर्नु पर्नेछ ।

(२) यदि यस ऐन बमोजिम उजुरी गरेको कारणबाट कुनै कर्मचारीले कार्यस्थलमा कुनै किसिमको असुरक्षा महशुस गरेमा त्यस्तो कर्मचारीले सुरक्षाको लागि व्यवस्थापक समक्ष निवेदन दिन सक्नेछ ।

- कुनै निवेदन प्राप्त भएमा व्यवस्थापकले त्यस्तो कर्मचारीलाई कार्यस्थलमा सुरक्षाको उचित व्यवस्था गर्नु पर्नेछ ।
- व्यवस्थापकबाट निवेदन दिने कर्मचारीलाई सुरक्षाको व्यवस्था नभएमा वा व्यवस्थापक

आफैं आरोपित पक्ष भएमा त्यस्तो कर्मचारीले स्थानीय सुरक्षा निकाय समक्ष सुरक्षाको माग गर्न सक्नेछ र त्यसरी सुरक्षा माग भएमा सुरक्षा निकायले समेत निजको सुरक्षाको प्रबन्ध मिलाउनु पर्नेछ।

(३) यौनजन्य दुर्व्यवहार गरेको प्रमाणित भएको कुनै कर्मचारीलाई सो कार्यालयमा राखिरहन उपयुक्त नदेखिएमा व्यवस्थापकले त्यस्तो कर्मचारीलाई आफैंले सरुवा गर्न सक्नेमा आफैंले अन्यत्र सरुवा गर्नु पर्नेछ र अन्य अधिकारी वा निकायबाट सरुवा गर्नुपर्ने भएमा सरुवाको लागि त्यस्तो अधिकारी वा निकायमा लेखी पठाउनु पर्नेछ।

## यौनजन्य दुर्व्यवहार गरेको प्रमाणित भएमा के-कति सजायँ हुन्छ ?

(१) कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाई कसूरको प्रकृती हेरी ६ महिनासम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ।

(२) कुनै व्यवस्थापकले यस ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेको ठहरेमा निजलाई २५ हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) जिल्ला अधिकारीले वा निरीक्षण वा अनुगमन गर्ने गराउने निकायले दिएको निर्देशन कुनै व्यवस्थापकले पालना नगरेमा निजलाई २५ हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(४) यस दफा बमोजिम सजायँ पाएको व्यक्तिले त्यस्तो सजायँ हुने कार्य पुन: गरेमा निजलाई पटकै पिच्छे दोब्बर सजायँ हुनेछ।

(५) कसैले यस ऐन बमोजिम जानी-जानी झुट्टा उजुरी दिएको ठहरेमा निजलाई १० हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(६) यस दफा बमोजिम कुनै कर्मचारी वा व्यक्तिले सजायँ पाएमा प्रमुख जिल्ला अधिकारीले त्यसको जानकारी सम्बन्धित निकायलाई गराउनु पर्नेछ।

## कसूर ठहर भएमा पीडितलाई क्षतिपूर्तिको कस्तो व्यवस्था गरेको छ ?

यस ऐन बमोजिम परेको उजुरी छानविन गर्दा आरोपित व्यक्तिले यौनजन्य दुर्व्यवहार गरेको ठहरिएमा उजुरी सुन्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सजायँ गरी निजबाट पीडितलाई देहाय बमोजिमको क्षतिपूर्ति वा रकम भराई दिनु पर्नेछ :-

(क) शारीरिक वा मानसिक रुपमा कुनै क्षति पुग्न गएको भए त्यस्तो क्षति बापत मनासिव माफिकको क्षतिपूर्ति,

(ख) उजुरी गर्दा वा उजुरीको प्रतिरक्षा गर्दा लागेको वास्तविक खर्च।

## यो पनि थाहा पाई राख्नुहोस्

- उजुरी सुन्ने अधिकारीले पर्न आएको उजुरीको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

- पीडितले लिखित रुपमा अनुरोध गरेमा उजुरी सुन्ने अधिकारीले उजुरीको सुनुवाई बन्द इजलासमा गर्नु पर्नेछ ।

**यस ऐन बमोजिम उजुरी सुन्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले कहाँ पुनरावेदन गर्ने?**

यस ऐन बमोजिम उजुरी सुन्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## ६. बैदेशिक रोजगार ऐन २०६४ ले गरेका कानुनी व्यवस्था

**बैदेशिक रोजगार भन्नाले केलाई जनाउँछ ?**

"बैदेशिक रोजगार" भन्नाले कामदारले विदेशमा पाउने रोजगारलाई जनाउँछ ।

**बैदेशिक रोजगारमा जानको लागि उमेर कति हुनु पर्दछ ?**

अठार वर्ष उमेर पूरा गरेको हुनुपर्दछ ।

**लैङ्गिक समानता तथा विशेष सुविधा सम्बन्धी ऐनले के-कस्ता व्यवस्था गरेको छ ।**

- बैदेशिक रोजगारमा कामदार पठाउँदा लैङ्गिक विभेद नगरिने तर रोजगारदाता संस्थाबाट पुरुष वा महिला कामदारमध्ये कुनै एकको मात्र माग भई आएकोमा प्राप्त मागपत्र बमोजिमका कामदार बैदेशिक रोजगारमा पठाउन बाधा नपर्ने व्यवस्था गरिएको छ ।
- बैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिको हकमा नेपाल सरकारले तोके बमोजिमको संख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नुपर्ने विशेष सुविधाको प्रावधान छ ।

**पूर्वस्वीकृति र कामदार छनौट सम्बन्धी ऐनले कस्तो व्यवस्था गरेको छ ?**

- पूर्वस्वीकृति लिनुपर्ने : रोजगारदाता संस्थासँग भएको सम्झौता वा सहमतिका आधारमा इजाजतपत्रवालाले सम्पूर्ण विवरण खुलाई वैदेशिक रोजगारमा कामदार पठाउनु पूर्वस्वीकृतिका लागि विभाग समक्ष निवेदन दिनु पर्नेछ :-
- विज्ञापन प्रकाशन गर्नुपर्ने: स्वीकृति प्राप्त भएपछि इजाजतपत्रवालाले तोकिए बमोजिमको विवरण खुल्ने गरी कामदार छनौट गर्न नेपाली भाषामा प्रकाशन हुने कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा सात दिनको म्याद दिई विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।
- कामदारको छनौट गरी सूची तयार गर्नु पर्ने: निवेदकको योग्यता तथा अनुभव र तोकिएबमोजिमको अन्य कुराका आधारमा इजाजतपत्रवालाले कामदारको छनौट गरी

छनौट भएका व्यक्तिको सूची तयार गरी त्यस्तो सूची इजाजतपत्रवालाको कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ र सोको एक प्रति विभाग समक्ष पेश गर्नु पर्नेछ।

- राहदानी विदेश लैजान स्वीकृति लिनुपर्नेः

## श्रम स्वीकृतिको निस्सा लिनका लागि के-कस्ता विवरण कागजात विभाग समक्ष पेश गर्नु पर्नेछ ?

क) कुनै कामको लागि सीपमूलक तालिम आवश्यक पर्ने भए त्यस्तो तालिम लिएको प्रमाणपत्र र अभिमुखीकरण तालिमको प्रमाणपत्र,

(ख) निरोगिताको प्रमाणपत्र,

(ग) वीमा गरेको प्रमाणपत्र,

(घ) इजाजतपत्रवाला र कामदारबीच भएको करार,

(ङ) रोजगारदाता संस्था र कामदारबीच भएको करार,

(च) कामदारले इजाजतपत्रवालालाई तिरेको रकमको रसिद वा बैङ्क भौचर,

(छ) तोकिए बमोजिमका अन्य कुराहरु।

(२) पेश भएको विवरण जाँचबुझ गर्दा विवरणसँग दुरुस्त देखिएमा विभागले तीन दिनभित्र त्यस्ता कामदारको राहदानीमा श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाई दिनेछ।

## वैदेशिक रोजगारमा कति अवधि भित्रमा पठाउनु पर्नेछ र नपठाएमा के हुन्छ ?

- इजाजतपत्रवालाले सम्बन्धित मुलुकमा प्रवेश गर्ने अवधि किटान भएकोमा सो अवधिभित्र र अवधि किटान नभएकोमा तीन महिनाभित्र सम्बन्धित कामदारलाई वैदेशिक रोजगारमा पठाउनु पर्नेछ। म्यादभित्र कामदारलाई वैदेशिक रोजगारमा पठाउन नसकेमा सम्बन्धित इजाजतपत्रवालाले सम्बन्धित कामदारबाट बुझिलिएको रकम र सो रकममा वार्षिक बीस प्रतिशतले हुने ब्याजको रकम समेत जोडी तीस दिनभित्र फिर्ता गर्नु पर्नेछ।
- कुनै कामदारले प्रवेशाज्ञा प्राप्त भइसकेपछि वैदेशिक रोजगारमा जान इन्कार गरेमा वा असमर्थ भएमा इजाजतपत्रवालाले कामदारलाई रकम फिर्ता गर्दा प्रवेशाज्ञाशुल्क मात्र कट्टा गरी बाँकी हुन आउने रकम फिर्ता गर्नु पर्नेछ।
- तर पूर्वस्वीकृति लिई विज्ञापन गरेभन्दा फरक शर्तको कारणले कामदारले जान इन्कार गरेको अवस्थामा प्रवेशाज्ञा शुल्क कट्टा गर्न पाइने छैन

## सामाजिक सुरक्षा तथा कल्याणकारी कोषको भनेको के हो ?

बैदेशिक रोजगारमा गएका तथा बैदेशिक रोजगारबाट फर्किआएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा कल्याणको लागि बोर्ड मातहत रहने गरी स्थापना भएको बैदेशिक रोजगार कल्याणकारी कोषलाई सामाजिक सुरक्षा तथा कल्याणकारी कोष भनिन्छ।

## सामाजिक सुरक्षा तथा कल्याणकारी कोषको प्रयोग केका लागि गरिन्छ ?

सामाजिक सुरक्षा तथा कल्याणकारी कोषको प्रयोगनिम्न कार्यका लागि गरिन्छ ।

- बैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्न,
- कामदारको अङ्गभङ्ग भई वा करार बमोजिमको सुविधा नपाएको कारणबाट कामदार अलपत्र परी त्यस्तो कामदार स्वदेश फिर्ता हुनु पर्ने स्थितिको कारणबाट कामदारलाईस्वदेश फिर्ता गराउन, क्षतिपूर्ति दिन र त्यसरी फिर्ता आएका कामदार वा निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न
- बैदेशिक रोजगारबाट फर्केका कामदारको लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न,
- बैदेशिक रोजगारका लागि विदेश गएको अवस्थामा कामदारको मृत्यु भई शव अलपत्र परी नेपाल ल्याउन र निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न,
- बैदेशिक रोजगार प्रवर्द्धन सम्बन्धी कार्य गर्न ।

## उजुरी गर्ने हदम्याद कति हुन्छ ?

बैदेशिक रोजगारमा गएको कामदार स्वदेश आइपुगेको मितिले एक वर्षभित्र उजुर दिने हदम्याद तोकेको छ ।

## बैदेशिक रोजगारमा उजुरीको प्रकिया कस्तो हुन्छ ? र पीडितलाई कस्तो क्षतिपूर्तीको व्यवस्था गरिएको छ ?

- रोजगारदाता संस्थाले सम्झौतामा तोकिए बमोजिमको शर्त अनुसार रोजगार उपलब्ध नगराएमा सोको प्रमाण सहित कामदार वा निजको प्रतिनिधिले विभाग समक्ष क्षतिपूर्ति पाउनका लागि उजुरी गर्न सक्नेछ । परेको उजुरीउपर आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा विभागले इजाजतपत्रवालालाई बैदेशिक रोजगारमा जान लागेको सम्पूर्ण खर्चको क्षतिपूर्ति भराई दिने आदेश दिन सक्नेछ ।
- विभागले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पैंतीस दिनभित्र नेपाल सरकार समक्ष पुनरावेदन गर्न सक्नेछ ।
- बैदेशिक रोजगार न्यायाधिकरणले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पैंतीस दिनभित्र सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## बैदेशिक रोजगारको कस्तो कसूर र दण्ड सजायँको व्यवस्था गरिएको छ ?

- **इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा** : कसैले इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाई दिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाई दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जाना बापत असूल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन

लागेको खर्च समेत भराई निजलाई तीनलाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ । विदेश पठाई नसकेको भए सो सजायँको आधा सजायँ हुनेछ ।

- **इजाजतपत्रवालाले स्वीकृति नलिई कामदार पठाएमा** : कुनै इजाजतपत्रवालाले विभागबाट स्वीकृति नलिई कामदार विदेश पठाएमा वा कुनै इजाजतपत्रवालाले कसैलाई वैदेशिक रोजगारमा लगाइदिनेछु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिई विदेश नपठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम भराई त्यस्तो इजाजतपत्रवालालाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ र त्यस्तो इजाजतपत्रवालाको इजाजतपत्र समेत रद्द हुनेछ ।
- **नाबालिगलाई बैदेशिक रोजगारमा पठाएमा** त्यस्तो इजाजतपत्रवालालाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ ।
- **सरकारले खुला नगरेका मुलुकमा कामदार पठाएमा :** वैदेशिक रोजगारका लागि कामदार पठाउन नेपाल सरकारले खुला नगरेको मुलुकमा कुनै इजाजतपत्रवालाले कुनै कामदार पठाएमा वा खुला गरेको मुलुकको प्रवेशाज्ञा लिई खुला नगरेको मुलुकमा पठाएमा त्यसरी कामदार पठाउने इजाजतपत्रवालालाई तीन लाख रुपैयाँदेखि सात लाख रुपैयाँसम्म जरिवाना र तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ । कामदार पठाउन रकम असुल गरिसकेको तर कामदार पठाइ नसकेको भए आधासजायँ हुनेछ ।
- **लिखत वा प्रतिवेदन लुकाएमा वा हेरफेर गरेमाः** (१) कुनै इजाजतपत्रवालाले जानी-जानी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम राख्नु पर्ने कुनै लिखत वा प्रतिवेदन लुकाएमा वा कुनै कुरा हेरफेर गरेमा वा झुट्टा व्यहोरा पारेमा वा झुट्टा व्यहोरा तयार गर्न लगाएमा निजलाई एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना र छ महिनादेखि एक वर्षसम्म कैद हुनेछ । (२) उपदफा (१) बमोजिम सजायँ पाएको इजाजतपत्रवालाले पुनः सो सजायँ पाउने ठहरिएमा दोब्बर सजायँ गरी निजले प्राप्त गरेको इजाजतपत्र रद्द गरिनेछ ।
- **अनुमतिबिना शाखा कार्यालय खोलेमा :** कुनै इजाजतपत्रवालाले विभागको अनुमति नलिईकन शाखा कार्यालय खोलेमा विभागले प्रत्येक शाखाका लागि त्यस्तो इजाजतपत्रवालालाई दुईलाख रुपैयाँका दरले जरिवाना गरी उक्त कार्यालय बन्द गर्ने आदेश दिन सक्नेछ ।
- **विज्ञापन प्रकाशन नगरेमा** : कुनै इजाजतपत्रवालाले विज्ञापन प्रकाशन नगरेमा वा विभागको स्वीकृति विना विज्ञापन प्रकाशन गरेमा विभागले त्यस्तो इजाजतपत्रवालालाई पचास हजार रुपैयाँ जरिवाना गरी त्यस्तो विज्ञापन रद्द गर्न लगाउने छ । विज्ञापन प्रकाशन गर्दा दफा १५ बमोजिम प्राप्त स्वीकृति अनुसार खुलाउन पर्ने विवरण नखुलाएमा विभागले पुनः सच्याई विज्ञापन प्रकाशन गर्न लगाउनेछ ।

- **छनौट सूची प्रकाशन नगरेमा** : कुनै इजाजतपत्रवालाले कामदारको छनौट सूची प्रकाशन नगरेमा वा प्रकाशन गरेपनि विभागलाई जानकारी नदिएमा त्यस्तो इजाजतपत्रवालालाई विभागले पचास हजार रुपैयाँ जरिवाना गरी पुनः छनौट सूची प्रकाशन गर्ने आदेश दिन सक्नेछ ।
- **रकम फिर्ता गर्न वा क्षतिपूर्ति दिन इन्कार गरेमा** : (१) कुनै इजाजतपत्रवालाले दफा २० को उपदफा (२) बमोजिमको समयभित्र सोही उपदफामा उल्लिखित रकम फिर्ता नगरेमा वा दफा ३६को उपदफा (२) बमोजिमको क्षतिपूर्ति दिन इन्कार गरेमा विभागले दफा ११ बमोजिम इजाजतपत्रवालाले राखेको नगद धरौटीबाट सम्बन्धित कामदारलाई त्यस्तो रकम फिर्ता गराई वा क्षतिपूर्ति भराई एक लाख रुपैयाँ जरिवाना गर्न र इजाजतपत्र रद्द गर्न सक्नेछ ।(२) उपदफा (१) बमोजिम रकम फिर्ता गराइएको वा क्षतिपूर्ति भराइएकोमा इजाजतपत्रवालाले दफा ११ बमोजिम राखेको नगद धरौटी रकमबाट सम्बन्धित कामदारलाई रकम फिर्ता गर्दा वा क्षतिपूर्ति भराउँदा नपुग भएमा विभागले त्यस्तो नपुग हुन गएको रकम बुझाउनको लागि इजाजतपत्रवालालाई साठी दिनको म्याद दिनेछ र सो म्यादभित्र रकम नबुझाएमा इजाजतपत्रवालाको जायजेथाबाट सो रकम असूलउपर गरिनेछ ।
- **इजाजतपत्रवालाले व्यक्तिगत रुपमा कामदार पठाएमा** : कुनै इजाजत पत्रवालाले व्यक्तिगत रुपमा कामदार पठाएमा त्यस्तो इजाजतपत्रवालालाई एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना वा इजाजतपत्र रद्द वा दुवै सजायँ हुनेछ ।
- **प्रवेशाज्ञा शुल्क, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी लिएमा** : कुनै इजाजत पत्रवालाले निःशुल्क प्रवेशाज्ञा प्राप्त भएकोमा सो बापतको शुल्क लिएमा वा तोकिएभन्दा बढी शुल्क वा खर्च लिएमा सो नलाग्ने वा बढी लिएको शुल्क वा खर्च विभागले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न लगाईत्यस्तो इजाजपत्रवालालाई एक लाख रुपैयाँ जरिवाना गर्नेछ ।
- **आदेश वा निर्देशन पालना नगरेमा** : यस परिच्छेदमा लेखिएदेखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, आदेश वा निर्देशन पालना नगर्ने इजाजतपत्रवालालाई विभागले पहिलो पटक सचेत गराउने, दोस्रो पटक पचास हजार रुपैयाँ जरिवाना र तेस्रो पटक पनि सोही कसूर दोहोऱ्याएमा एक लाख रुपैयाँ जरिवाना गरी इजाजतपत्र रद्द गर्न सक्नेछ ।
- **करार विपरीत कार्य गरे गराएमा** : कुनै इजाजतपत्रवालाले कुनै कामदारसँग एउटा कम्पनीमा काम गर्ने भनी करार गरी सोभन्दा कम पारिश्रमिक र सुविधा पाउने गरी वा कामको प्रकृति नै फरक पारी अर्को कम्पनीमा काम लगाएमा वा जुन कामको लागि वैदेशिक रोजगारमा पठाएको हो सो काममा नलगाई अर्को काममा लगाएमा वा जति पारिश्रमिक र सुविधा दिने भनी लगेको हो सोभन्दा कम पारिश्रमिक र सुविधामा काम लगाएमा विभागले इजाजतपत्रवालालाई एक लाख रुपैयाँ जरिवाना गर्नेछ र जति पारिश्रमिक र सुविधा कम दिएको हो सो रकम विभागले इजाजतपत्रवालाबाट कामदारलाई भराइदिनु पर्नेछ ।

- **मतियारलाई सजायँ**: यस ऐन बमोजिमको कसूरमा मतियार हुने वा त्यस्तो कसूर गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई सोही कसूर गरे बापत हुने सजायँको आधा सजायँ हुनेछ ।
- **प्रमुख भई काम गर्ने व्यक्तिलाई सजायँ हुने** : कुनै फर्म, कम्पनी, संस्था वा इजाजतपत्रवालाले यस परिच्छेद बमोजिम सजायँ हुने कसूर गरेकोमा त्यस्तो कसूर गर्ने पदाधिकारी वा कर्मचारी पहिचान भएकोमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई र सो पदाधिकारी वा कर्मचारी पहिचान हुन नसकेकोमा कसूर हुँदाका बखत त्यस्तो फर्म, कम्पनी, संस्था प्रमुख भई काम गर्ने व्यक्तिलाई सजायँ हुनेछ ।
- **पुनः इजाजतपत्र जारी नगरिने** : यस परिच्छेद बमोजिम कुनै इजाजतपत्रवालाको इजाजतपत्र रद्द गरिएपछि पुनः सोही संस्था र सोही सञ्चालकको नाममा इजाजतपत्र जारी गरिने छैन ।

यो पनि थाहा पाई राख्नुहोस्

*(साउदी अरेबिया, कतार, संयुक्त अरब इमिरेट्स, ओमन, बहराईन, लेबनान तथा मलेशियामा घरेलु कामदारको रुपमा जानलाई महिलाको उमेर २४ बर्ष पूरा भएको हुनुपर्दछ ( वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउने निर्देशिका २०७२)*

## ७. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ का मुख्य व्यवस्थाहरू

### साईवर अपराध भनेको के हो ?



विद्युतीय उपकरणहरु कम्प्युटर, मोवाइल तथा यसको नेटवर्कका माध्यमबाट हुने कुनै पनि प्रकारका अपराधिक कार्यलाई आम रुपमा साईबर अपराधको रुपमा मानिन्छ । इन्टरनेटको माध्यमबाट गरिने चरित्र हत्या, हिंसा फैलाउने, यौनजन्य हिंसा, इन्टरनेट फ्रड ( धोकाधडी) अर्को पहिचान अनधिकृत प्रयोग गरी क्रेडिट कार्ड तथा एकाउण्ट आदिको चोरी गरी गरिने बैकिङ कसूर, अर्काको कम्प्युटर विद्युतिय उपकरण तथा नेटवर्कमा पुर्‍याईने क्षति लगायत अवैधानिक कार्यलाई कानूनले साईवर अपराध मानेको छ ।

### विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन कसूर सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार कहाँ रहेको छ ?

नेपाल सरकारको २०६४।१२।२ को निर्णयले शुरु तह न्यायधिकरण गठन नहुँदासम्म काठमाडौं जिल्ला अदालतको क्षेत्राधिकार हुने भनि निर्णय गरेको छ । का.जि.अ.ले मुद्दा हेरेसम्म उच्च अदालत पाटनमा पुनरावेदन लाग्ने छ ।

## विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐनले कसूर र सजायँ सम्बन्धी कस्तो व्यवस्था गरेको छ ?

**कम्प्युटर स्रोत सङ्केतको चोरी, नष्ट वा परिवर्तन गर्ने :** प्रचलित कानूनले कम्प्युटर स्रोतको सङ्केत (सोर्स कोड) लाई यथावत् राख्ने गरी तत्काल व्यवस्था गरेको अवस्थामा कुनै व्यक्तिले कुनै कम्प्युटर, कम्प्युटर कार्यक्रम, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कका लागि प्रयोग हुने कम्प्युटर स्रोतको सङ्केत (सोर्स कोड) लाई जानी-जानी वा बदनियत राखी चोरी गरेमा, नष्ट गरेमा, परिवर्तन गरेमा वा त्यस्तो काम गर्न लगाएमा निजलाई ३ वर्षसम्म कैद वा २ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ।

**कम्प्युटर सामग्रीमा अनधिकृत पहुँच :** कुनै व्यक्तिले कुनै कम्प्युटरमा रहेको कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने मनसायबाट सो कम्प्युटरको धनी वा जिम्मेवार व्यक्तिबाट कुनै अख्तियारी नलिई सो कम्प्युटरको प्रयोग गरेमा वा अख्तियारी लिएको अवस्थामा पनि अख्तियारी दिइएको भन्दा भिन्न कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने उद्देश्यले कुनै कार्य गरेमा निजलाई कसूरको गम्भीरता हेरी २ लाख रुपैयाँसम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै सजायँ हुनेछ।

**कम्प्युटर र सूचना प्रणालीमा क्षति पुऱ्याउने :** कुनै व्यक्तिले कुनै संस्थालाई गलत तरिकाले हानि नोक्सानी पुऱ्याउने मनसाय राखी जानी-जानी कम्प्युटर सम्पदामा रहेको कुनै सूचनालाई कुनै पनि व्यहोराबाट नष्ट गरेमा, क्षति पुऱ्याएमा, मेटाएमा, हेरफेर गरेमा, काम नलाग्ने बनाएमा वा त्यस्तो सूचनाको मूल्य र प्रयोगको महत्वलाई ह्रास गराएमा वा हानिकारक प्रभाव पारेमा वा कसैलाई त्यस्तो काम गर्न लगाएमा निजलाई दुई लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजायँ हुनेछ।

**विद्युतीय स्वरुपमा गैरकानुनी कुरा प्रकाशन गर्ने :** (१) कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामाग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात-जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई १ लाख रुपैयाँसम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजायँ हुनेछ।

कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कसूर पटक पटक गरेमा त्यस्तो कसूर वापत अघिल्लो पटक भएको सजायँको डेढी सजायँ हुनेछ।

**गोपनीयता भङ्ग गर्ने :** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु अन्तर्गत प्रदान

गरिएको कुनै अधिकार बमोजिम कुनै विद्युतीय अभिलेख, किताब, रजिष्टर, पत्रव्यवहार, सूचना, कागजात वा अन्य सामाग्रीहरुमा पहुँच प्राप्त गरेको कुनै व्यक्तिले कुनै अनधिकृत व्यक्तिलाई त्यस्तो अभिलेख, किताब, रजिष्टर, पत्र व्यवहार, सूचना, कागजात वा सामाग्रीको गोपनीयता भङ्ग गरेमा वा भङ्ग गर्न लगाएमा निजलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजायँ हुनेछ ।

**झुट्टा व्यहोराको सूचना दिने** : कुनै व्यक्तिले प्रमाणीकरण गर्ने निकायको इजाजतपत्र प्राप्त गर्ने वा अन्य कुनै मनसायले नियन्त्रक समक्ष वा डिजिटल हस्ताक्षर प्रमाणपत्र प्राप्त गर्ने वा अन्य कुनै मनसायले प्रमाणीकरण गर्ने निकाय समक्ष पेश गर्ने कुनै व्यहोरा जानीजानी लुकाएमा वा ढाँटेमा वा जानाजानी झुट्टा व्यहोरा पेश वा दाखिला गरेमा निजलाई १ लाख रुपैयाँसम्म जरिवाना वा २ वर्षसम्म कैद वा दुवै सजायँ हुनेछ ।

**झुट्टा इजाजतपत्र वा प्रमाणपत्र पेश गर्ने वा देखाउने :** (१) यो ऐन बमोजिम नियन्त्रकले जारी गरेको इजाजतपत्र प्राप्त नगरी प्रमाणीकरण गर्ने निकायको रुपमा कार्य गर्ने कुनै पनि व्यक्तिलाई कसूरको गम्भीरता हेरी १ लाख रुपैयाँसम्म जरिवाना वा २ वर्षसम्म कैद वा दुवै सजायँ हुनेछ ।

**कुनै व्यक्तिले आफूलाई प्रमाणीकरण गर्ने निकायको इजाजतपत्र प्राप्त नभई त्यस्तो इजाजतपत्र प्राप्त भएको छ** भनी झुट्टा व्यहोरा वा झुट्टा इजाजतपत्र प्रकाशन गरेमा वा कुनै व्यक्तिलाई अन्य कुनै व्यहोराले उपलब्ध गराएमा निजलाई निजले उपदफा (१) बमोजिमको कुनै कार्य गरिनसकेको अवस्थामा १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

कुनै व्यक्तिले प्रमाण-पत्रमा उल्लेख भएको प्रमाणीकरण गर्ने निकायले सो प्रमाण-पत्र जारी गरेको होइन वा सो प्रमाण-पत्रमा सूचीकृत गरिएको ग्राहकले सो प्रमाण-पत्र स्वीकार गरेको छैन वा सो प्रमाणपत्र निलम्बन वा रद्द भइसकेको छ भन्ने जानी-जानी त्यस्तो प्रमाणपत्रको प्रकाशन गरेमा वा अन्य कुनै व्यक्तिलाई कुनै व्यहोराले उपलब्ध गराएमा निजलाई १ लाख रुपैयाँसम्म जरिवाना वा २ वर्षसम्म कैद वा दुवै सजायँ हुनेछ ।

तर निलम्बन वा रद्द भइसकेको प्रमाणपत्रलाई त्यसरी रद्द वा निलम्बन हुनु अगाडि गरिएको डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्ने प्रयोजनको लागि प्रकाशन गरिएको वा उपलब्ध गराइएकोमा यस उपदफा बमोजिमको कसूर गरेको मानिने छैन ।

**तोकिएको विवरण वा कागजात दाखिला नगर्ने :**

१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम नियन्त्रक वा प्रमाणीकरण गर्ने निकाय समक्ष कुनै विवरण, कागजात वा प्रतिवेदन दाखिला गर्नु पर्ने जिम्मेवारी भएको

व्यक्तिले तोकिएको म्यादभित्र त्यस्तो विवरण, कागजात वा प्रतिवेदन दाखिला नगरेमा निजलाई ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम रीतपूर्वक सुरक्षितसाथ राख्नु पर्ने कुनै किताब, रजिष्टर, स्रेस्ता, लेखा आदि सुरक्षित तथा रीतपूर्वक नराख्ने व्यक्तिलाई ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

**कम्प्युटर सम्बन्धी कसूर गर्न दुरुत्साहन** : यस ऐन बमोजिमको कुनै कसूर गर्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कसूर गर्न उद्योग गर्ने वा षड्यन्त्रमा सामेल हुने व्यक्तिलाई कसूरको मात्रा हेरी ५० हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजायँ हुनेछ।

**मतियारलाई सजायँ :** यस ऐन बमोजिमका कुनै कसूर गर्न सघाउने वा अन्य कुनै व्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई भएको सजायँको आधा सजायँ हुनेछ।

**नेपाल राज्यबाहिर गरेको कसूरमा हुने सजायँ :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले यस ऐन बमोजिम कसूर हुने कुनै काम नेपाल राज्यबाहिर रहेर गरेको भए तापनि त्यस्तो कसूर गरिएको कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्क प्रणाली नेपालमा अवस्थित भएमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई यस ऐन बमोजिम मुद्दा चलाई सजायँ गर्न सकिनेछ।

**जफत गर्ने** : यस ऐन बमोजिम कम्प्युटर सम्बन्धी कसूर ठहर्ने कुनै कसूर गर्न प्रयोग गरिएको कुनै पनि कम्प्युटर, कम्प्युटर प्रणाली, फ्लपी, कम्प्याक्ट डिक्स, टेप ड्राइभ, सफ्टवेयर वा अन्य सहायक उपकरणहरु जफत गरिनेछ।

**सङ्गठित संस्थाले गरेको कसूर :** (१) यस ऐन बमोजिम कसूर ठहर्ने कुनै कुरा सङ्गठित संस्थाले गरेमा सो कसूर गर्दाका बखत सो सङ्गठित संस्थाको सञ्चालनको लागि प्रमुख रुपमा जिम्मेवार व्यक्तिले सो कसूर गरेको मानिनेछ।

तर त्यस्तो सङ्गठित संस्थाको सञ्चालनको लागि प्रमुख रुपमा जिम्मेवार व्यक्तिले त्यस्तोकसूर आफ्नो जानकारी बिना भएको वा कसूर हुन नदिन निजले मनासिब माफिकका सबै प्रयत्नहरु गरेको थियो भनी प्रमाणित गर्न सकेमा निजलाई सो कसूरको लागि दोषी ठहऱ्याइने छैन।(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सङ्गठित संस्थाले यस ऐनबमोजिम गरेको कसूर सो सङ्गठित संस्थाको सञ्चालक, व्यवस्थापक, सचिव वा अन्य जिम्मेवार व्यक्तिको सहमतिमा वा जानकारीमा वा लापरबाहीका कारणबाट हुन गएको भन्ने प्रमाणित भएमा सो सङ्गठित संस्था र सो सङ्गठित संस्थाको सञ्चालक, व्यवस्थापक, सचिव वा अन्य जिम्मेवार व्यक्तिले गरेको मानिनेछ।

**अन्य सजायँ :** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन भएकोमा त्यस्तो

उल्लंघनका लागि कुनै सजायँको व्यवस्था गरिएको रहेनछ भने त्यस्तो उल्लंघनकर्तालाई त्यस्तो उल्लंघनको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजायँ हुनेछ ।

प्रचलित कानून बमोजिम सजायँ गर्न बाधा नपुग्ने : यस ऐन अन्तर्गत कसूर ठहरिने कुनै काम अन्य कुनै प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर उपर छुट्टै कारबाही चलाई सजायँ गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

## यो पनि थाहा पाई राख्नुहोस

### ह्याकिङ्

कम्प्युटर प्रणाली वा सन्जालको गुप्त संकेत व्यवस्थाको पासवर्ड सिरियल नं. ह्याक गरी अनधिकृत रुपमा प्रवेश गरी तथ्यांक भण्डारमा हस्तक्षेप गर्ने कार्य ह्याकिङ् हो ।

### फिशिंग स्क्याम्प

विद्युतिय सन्चार माध्यममा कुनै कुरा सत्य हो भन्ने भान पारेर व्यक्तिलाई आकर्षित गरी व्यक्तिको युजरनेम र पासवर्ड जस्ता सूचना प्राप्त गर्ने प्रयत्न गरिन्छ भने त्यसलाई फिशिंग स्क्याम्प भनिन्छ ।

### साईबरस्टकिंग

ईन्टरनेटको प्रयोग गरी व्यक्तिव्यक्तिहरुको समूह वा संस्थालाई पछ्याई धम्काउने, हैरानी र सास्ती दिने कार्यलाई साईबर स्टकिंग भनिन्छ ।

### पहिचान चोरी

ईन्टरनेको प्रयोग गरेर व्यक्तिको अनुमति बिना उसको व्यक्तिगत सूचना चोरी गरीव्यक्तिलाई हानी पुर्‍याउने तथा आफूलाई लाभ पुर्‍याउने कार्य गरिन्छ । यस्तो कार्य प्रायः ह्याकरहरुले गर्ने गर्दछन् ।

राष्ट्रिय महिला आयोग-२०५८
NWC

State and Peacebuilding Fund

MANAGED BY THE WORLD BANK
IBRD · IDA | WORLD BANK GROUP

care

LACC
कानूनी सहयोग तथा परामर्श केन्द्र

# लैगीक उत्तरदायी तथा प्रभावित केन्द्रित मेलमिलाप

राष्ट्रिय महिला आयोगले महिला तथा वालवालिकाको न्यायमा पहुच अभिवृद्धिको लागी सम्वोधन परियोजना मार्फत हेल्पलाईन ११४५ को सन्चालन गर्दै आएको छ। उक्त हेल्प लाईनबाट प्राप्त केशहरुलाई गैह्र सरकारी संस्था कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक), टि.पि.ओ. नेपाल, साथी तथा सिविन संग सहकार्यमा एकिकृत (कानूनी, मनोसामाजिक, तथा आवास) सेवा गरि उपलब्ध गराउदै आएको छ। यसका साथै राष्ट्रिय महिला आयोगले हेल्पलाईनमा आएका केशहरुलाई मेलमिलाप मार्फत निष्कर्षमा पुर्याई न्यायमा सहज पहुंच पुर्याउदै आएको छ। मेलमिलाप प्रकृयालाई प्रर्वद्धन गर्ने उदेश्यले आयोगका कर्मचारीहरुलाई नै मेलमिलापको आधारभुत तालिम समेत दिई मेलमिलाप कर्ताको रुपमा सन्चालन गर्न सफल भएको छ। यसैक्रममा मेलमिलाप सम्बन्धि विद्यमान कानून, निती नियम तथा प्रकृया लैगीक उत्तरदायी तथा प्रभावित केन्द्रित नरहेको महसुस भएको हुदा राष्ट्रिय महिला आयोग तथा कानूनी सहयोग तथा परामर्श केन्द्र ( ल्याक) ले संयुक्त रुपमा एक अध्ययन गरेको जसको निचोडवाट समेत सो कुरालाई पुष्ट्याई गरको छ। मेलमिलाप प्रकृयालाई लैगीक उत्तरदायी तथा प्रभावित केन्द्रित बनाउनका लागी विद्यमान कानून, नियम, आचार संहिता तथा तालिमका विषयवस्तुहरुमा समेत यथाशक्य चाडो परिमार्जन गर्न आवश्यक देखिन्छ।

**यस्का साथै मेलमिलापकर्ताले मेलमिलाप गराउदा प्राथमिता दिनु पर्ने बिषयहरु**

- प्रभावितलाई केन्द्रविन्दुमा राखी निजकोसर्वोपरि हितलाई ध्यान दिनु पर्ने
- प्रभावितको अधिकार (सामाजिक, आर्थिक, कानूनी तथा सुरक्षा सम्बन्धि )
- आवश्यक्ता र
- ईच्छालाई प्राथमिकतामा दिनु पर्छ

**यसका साथै**

- प्रभावितको सम्मान,
- शशक्तीकरण,
- गोपनियता अविभेद तथा
- सूचना पाउने हकको सुनिश्चितता गर्नुपर्दछ।

## महिलाले कानुनी सुरक्षाको निमित्त साथमा सुरक्षीत साथ राख्नुपर्ने कागजातहरू

| | | |
|---|---|---|
| नागरिकता | नाता प्रमाणीत | शैक्षिक योग्यताका प्रमाणपत्रहरु |
| जन्म दर्ता | लालपुर्जा | भुकम्प प्रभावितको कार्ड |
| मृत्युदर्ता (आफन्तको) | बैंक खाताको विवरण | एकल महिला भत्ता कार्ड |
| विवाहदर्ता, | सामाजिक सुरक्षा कार्ड | रुपैया पैसा |
| सम्बन्ध विच्छेद दर्ता | वृद्धभत्ता कार्ड | सम्पर्क नं. आदि |
| बसाईसराई दर्ता | अपांगता सम्बन्धि कार्ड | |